Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ३९, २०८३ साल वैशाख १५ गते मंगलबार (April 28, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# रास्वपालाई आफ्नै सांसदहरू चुनौती बन्दै




राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले २०८२ साल फागुन २१ गते भएको निर्वाचनवाट १८२ सिट प्राप्त गरेको छ । जनताले अध्याधिक मन पराएको पार्टी भनेर सर्वत्र चर्चा भईरहेको वेलामा राष्ट्रिय स्वतन्त्र पार्टीवाट नै निर्वाचित भएका सांसदहरुको हर्कतले पार्टीलाई आफ्नै पार्टीका सांसद चुनौती बढ्दै गएको छ । विगतमा धेरैजति सामाजिक सञ्जालवाट भाइरल भएकाहरु सांसदको उम्मेद्धार भएका र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाहको माहोलले निर्वाचनमा जितेका सांसदहरुले सार्वजनिक अभिव्याक्तिहरु दिदा निक्कै विवादित हुने गरेका छन् ।

त्यस्तै धेरै विवादित हुने सांसदहरुमा आशिका तामाङ रहेकी छन् । उनले वेला वेलामा पत्रकारहरुलाई दिने अभिव्याक्तिमा विवादित हुने खालका कुराले पार्टीलाई चुनौती बढेको हो । हुनत पार्टीका सभापति रवि लामिछानेले रिर्टन टु रिकलको अवधारणा पार्टीको भएको भनेर सार्वजनिकस्थलमा भन्दै आएका छन् । तर कतिपय सांसदहरु सदनमा प्रतिनिधिसभा सदस्यको रुपमा पुगेपनि आफुले गर्ने काम केहो किन म सांसद भए भन्ने जानकारी समेत नभएको देखिन्छ ।

त्यसकारण रास्वपालाई दिनानुदिन आफ्नै सांसदहरुको चुनौती बढेर गएको हो । हुनत रास्वपाले वेला वेलामा ट्रेनिङ पनि दिदै अएको छ । तर पनि सांसदहरुको स्वभावमा परिवर्तन आएको छ ।

# राष्ट्रपति पौडेलबाट ‘भानु साहित्य उद्यान’ शिलान्यास



**काठमाडौं–** तनहुँको चुँदी रम्घामा ‘भानु साहित्य उद्यान’ शिलान्यास भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले भानु नगरपालिका ४ मा उद्यान शिलान्यास गरेका हुन् ।

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई नेपाली भाषा र साहित्यको अन्तर्राष्ट्रिय केन्द्र बनाउने लक्ष्यसहित ‘भानु साहित्य उद्यान’ निर्माण गर्न लागिएको हो ।

तत्कालीन अर्थमन्त्री वर्षमान पुनले २०८१ सालमा सार्वजनिक गरेको बजेट वक्तव्यमा तनहुँको चुँदी रम्घामा सबै नेपाली भाषाभाषीका मूर्धन्य स्रष्टाको प्रतिमा र सप्तधामसहितको भानु साहित्य उद्यान स्थापना गरिने उल्लेख छ ।

नगरपालिकाका प्रवक्ता ईश्वरबहादुर घिमिरेका अनुसार सरकारले विनियोजन गरेको २० करोड रुपैयाँ बजेटबाट पहिलो चरणको निर्माण कार्य सुरु हुन लागेको हो ।

गुरुयोजना अनुसार उद्यानभित्र पहिलो चरणमा आधुनिक ‘भानु भवन’ निर्माण हुनेछ । क्रमशः साते प्रदेशका प्रमुख धार्मिक एवं सांस्कृतिक सम्पदाका नमूना र नेपाली साहित्यका मूर्धन्य व्यक्तित्वहरूको सालिक पनि स्थापना गर्ने योजना छ ।

गत पुसमा उक्त उद्यानको विस्तृत परियोजना प्रतिवेदन भानु नगरपालिकाले स्वीकृत गरेको थियो । यस ठाउँलाई सप्तधामका रुपमा विकास गर्ने उद्देश्य राखिएको छ ।

स्वीकृत गुरुयोजनाअनुसार

» बाकी ६ पृष्ठमा

# अर्थतन्त्र सुधारका लागि ‘सर्जरी’ आवश्यक : युवराज खतिवडा



काठमाडौं- पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले वर्तमान अर्थतन्त्र वाह्य सूचकहरू हेर्दा केही सुधारिएको देखिए पनि वास्तविक रूपमा अझै अस्वस्थ रहेको बताएका छन् ।

नेपाल राष्ट्र बैंकको वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा उनले अहिले वाह्य क्षेत्र सन्तुलित देखिएको, मूल्यवृद्धि नियन्त्रणमा रहेको र आर्थिक वृद्धि करिब २-३ प्रतिशतको हाराहारीमा रहेको भए पनि त्यो त्यति सकारात्मक नरहेको बताए ।

उनकाअनुसार चार-साढे चार प्रतिशत वृद्धि भएको भए राम्रो मानिन्थ्यो, अहिलेको अवस्था औसत मात्रै हो । खतिवडाले विगतमा रहेको अत्यधिक कर्जा र तरलताको समस्या अहिले केही हदसम्म समाधान भएपनि सुधार स्वाभाविक नभएको समेत बताए ।

खतिवडाकाअनुसार अहिलेका समस्याहरूको समाधान साना-साना ‘फिजियोथेरापी’ जस्ता मौद्रिक उपायले

» बाकी ६ पृष्ठमा

### ३० हजार घुस लिएको आरोपसहित पक्राउ परेका कर्मचारीविरुद्ध मुद्दा दायर




घुस रकम लिएको आरोपसहित पक्राउ परेका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्राविधिक सहायक सञ्जय चौधरीविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम जरिवाना सजाय मागदाबी गरेर सोमबार विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ ।

आयोगले चौधरीलाई चैत १६ गते उद्योग नवीकरण गरिदिने भन्दै से

» बाकी ६ पृष्ठमा

# अन्तर्राष्ट्रिय परिस्थिति बुझेर मात्रै राजनीति सफल हुन्छ : सुरेन्द्र पाण्डे

अन्तर्राष्ट्रिय परिस्थिति बुझेर मात्रै राजनीति सफल हुन्छ : सुरेन्द्र पाण्डे

काठमाडौं । नेकपा एमालेका नेता सुरेन्द्र पाण्डेले नेपालको बदलिँदो सामाजिक संरचना र अन्तर्राष्ट्रिय परिवेशलाई बुझेर मात्रै अबको राजनीति सफल हुने बताएका छन् ।


मदन भण्डारी फाउन्डेशनद्वारा आयोजित ‘मदन भण्डारी, सामाजिक एकता र राष्ट्र निर्माण’ विषयक विचार गोष्ठीमा बोल्दै पाण्डेले पुरानो शैलीको राजनीतिले आजको आवश्यकता पूरा गर्न नसक्ने तर्क गरे ।



साथै, उनले नेपालका राजनीतिक दलहरूले आफ्नो वर्ग आधार पुनरावलोकन गर्नुपर्नेमा जोड दिए । केवल १७ प्रतिशतको मात्र कुरा गरेर र ८३ प्रतिशत डोमिनेन्ट मध्यम वर्गलाई उपेक्षा गरेर अब कुनै पनि पार्टीले बहुमत ल्याउन नसक्ने ठोकुवा पनि उनले गरे ।

‘२००६ सालमा पार्टी स्थापना हुँदा ९०

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३९,
२०८३ साल वैशाख १५ गते मंगलबार
28 APRIL 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# समयमै मल ल्याउने व्यवस्था गर ।

नेपालमा खेतीको सिजन शुरू हुने समयमा जहिले पनि रासायनिक मलको अभाभ हुने गरेको छ । कृषि प्रधान देशका जनताले सधै खेतीको सिजनतमा रासायनिक मलको अभावमा तनाव व्याहोर्नु परेको छ । यस्तो समस्या कुनैपनि सरकारको पालामा सावधान हुने सकेको छैन ।

डा. बाबुराम भट्टराई अर्थमन्त्री हुदा नै नेपाल आफैले रासायनिक मल कारखाना स्थापना गर्ने भनेर अध्ययन गर्न लागाएका थिए । त्यो योजना बिभिन्न मन्त्री परिषदमा अध्ययन गरेर नेपालमा नै रासायनिक मल कारखाना स्थापना गर्नेगरी केही कामहरू पनि भएका छन् । तर कसैले पनि काम थालेर छिटो छरितो ढंगवाट काम गरेको देखिएको छैन । अहिलेको वर्तमान सरकार स्पष्ट बहुमत सहितको सरकार छ । यो सरकारले गर्न चाहेको खण्डमा नेपालमा नै रासायनिक मल कारखाना स्थापना गर्न सक्छ ।

मल कारखाना स्थापना पछिका फाइदाहरू

नेपालमा नै रासायनिक मल कारखाना स्थापना भएपछि नेपाली किसानहरूले समयमा नै मल खरिद गरेर उत्पादन बढाउन सक्छन् । अर्को नेपालमा रासायनिक प्रयोगको वारेमा भुगोल सुहाउदो अनुसन्धान गरी आफ्नै वैज्ञानिकले कृषकको खेतीपातीमा वेला वेलामा आउने समस्यालाई हल गर्न सक्छन् । कुनैपनि वेला अन्तराष्ट्रियस्तरमा युद्ध वा मूल्य बृद्धि भएपनि नेपालमा आफ्नै विद्युतवाट उत्पादन गरिने रासायनिक मल कारखाना हुदा कुनै असर पर्दैन किसानहरूले सधैं सहुलियत दरमा रासायनिक मल पाउछन् । यस्तो वातावरण सीर्जना हुदा किसाहरूले उत्पादनमा बढी जोड दिन्छन् । किसानहरूले उत्पादन बढाउछन् । कृषि उत्पादन बढ्दै जादा देशमा कृषि उपभोग्य बस्तुमा नेपाल आत्मनिर्भर हुन्छ । यसरी नेपालको समग्र कृषि विकासमा सहयोग पुग्छ । त्यसैले कृषकको  लागि नभई नहुने रासायनिक मल कारखाना स्थापना गर्नु आजको टडकारो आवश्यकता देशमा छ । यो काम स्पष्ट बहुमत भएको सरकारले गरोस् ।

# विभाजन, अविश्वास र नयाँ चुनौतीबीच वामपन्थी भविष्यको खोजी



■ दीपक रिजाल

नेपालको समकालीन राजनीतिक परिदृश्य यति बेला तीव्र परिवर्तनको मोडमा उभिएको छ । विशेषतः वामपन्थी आन्दोलन, जसले विगतका दशकहरूमा देशको राजनीति, शासन र जनचेतनामा गहिरो प्रभाव पारेको थियो । अहिले आत्ममूल्याङ्कन र पुनर्संरचनाको कठिन चरणमा पुगेको देखिन्छ । पछिल्ला घटनाक्रम, निर्वाचन परिणाम र जनआन्दोलनहरूले वामपन्थी शक्तिहरूको आधार कमजोर बन्दै गएको संकेत मात्र गरेका छैनन्, उनीहरूलाई आफ्नो अस्तित्व र भविष्यबारे गम्भीर पुनर्विचार गर्न बाध्य पनि बनाएका छन् ।

गत फागुन २१ को संसदीय निर्वाचनले नेपाली राजनीतिमा एक प्रकारको 'भूकम्प' ल्यायो । दशकौंदेखि स्थिरजस्तै देखिएको मताधार एकाएक खस्किनु केवल चुनावी पराजय मात्र थिएन, त्यो जनताको गहिरो असन्तुष्टिको अभिव्यक्ति पनि थियो । करिब ४० प्रतिशत मत पाउँदै आएका वामपन्थी दलहरूको मत यसपटक उल्लेखनीय रूपमा घट्नुले स्पष्ट सन्देश दिएको छ । जनता अब परम्परागत राजनीतिक ढाँचाबाट सन्तुष्ट छैनन् । उनीहरू परिणाम चाहन्छन्, जवाफदेहिता चाहन्छन् र विश्वासको पुनःस्थापना चाहन्छन् ।

यो परिवर्तन अचानक आएको होइन । यसको पृष्ठभूमिमा गतवर्ष भदौ २३ र २४ मा भएको आन्दोलनले नयाँ शिक्षा दिएको छ, जसले राज्य र राजनीतिक दलहरूलाई नै झस्कायो । सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको विरोधबाट शुरु भएको त्यो आन्दोलन क्रमशः भ्रष्टाचार, दुरुपयोग र शासकीय अक्षमताविरुद्धको सशक्त जनविद्रोहमा परिणत भयो । त्यो आन्दोलनले केवल तत्कालीन सरकारलाई चुनौती दिएन, यसले दशकौंदेखि स्थापित 'वैकल्पिक शक्ति छैन' भन्ने राजनीतिक भाष्यलाई पनि भत्काइदियो ।

यस आन्दोलनको सबैभन्दा ठूलो प्रभाव जनमानसमा देखियो । नागरिकहरू, विशेषतः नयाँ पुस्ता, अब केवल विचारधारात्मक नाराबाट प्रभावित हुने अवस्थामा छैनन् । उनीहरू प्रत्यक्ष जीवनसँग जोडिएका मुद्दाहरू, रोजगारी, सेवा प्रवाह, सुशासन र पारदर्शितामा केन्द्रित भएका छन् । यही कारणले गर्दा, चुनावी परिणामले देखाएको झट्का केवल दलहरूका लागि होइन, सम्पूर्ण राजनीतिक प्रणालीका लागि चेतावनी हो ।

यही सन्दर्भमा वामपन्थीहरूको भविष्यबारे प्रश्न उठ्नु स्वाभाविक हो । के वामपन्थी आन्दोलन नेपालमा समाप्त हुँदै छ ? यसको उत्तर सरल छैन । विचारधाराका रूपमा वामपन्थ अझै सान्दर्भिक छ, विशेषतः नेपालजस्तो देशमा जहाँ आर्थिक असमानता, सामाजिक विभेद र संरचनागत कमजोरीहरू अझै विद्यमान छन् । तर समस्या विचारधारामा होइन, त्यसको अभ्यासमा देखिन्छ।

वामपन्थी दलहरूको सबैभन्दा ठूलो कमजोरी भनेको व्यावहारिक एकताको अभाव हो । एउटै विचार बोकेको दाबी गर्ने दलहरूबीच निरन्तर विभाजन, अविश्वास र शक्ति संघर्षले आन्दोलनलाई कमजोर बनाएको छ । एकीकरणका प्रयासहरू भएका छन्, तर ती प्रायः दीर्घकालीन नभई अल्पकालीन राजनीतिक लाभका लागि मात्र सीमित भएका छन् । परिणामतः कार्यकर्ता तहमा निराशा र जनतामा अविश्वास बढ्दै गएको छ ।

यसका साथै, नेतृत्वको चरित्र पनि प्रश्नको केन्द्रमा छ । लामो समयसम्म एउटै नेतृत्वको वर्चश्व रहनु, आन्तरिक लोकतन्त्रको कमी हुनु र निर्णय प्रक्रियामा पारदर्शिता नहुनुले संगठनभित्रै असन्तुष्टि जन्माएको छ । नेतृत्वले जनताको अपेक्षाअनुसार आफूलाई रूपान्तरण गर्न नसक्दा, नयाँ पुस्ता त्यसबाट टाढिँदै गएको छ ।

नयाँ पुस्ताको यो विमुखता वामपन्थीहरूका लागि सबैभन्दा ठूलो चुनौती हो । अहिलेको युवा पुस्ता सूचना प्रविधिमा पहुँच राख्छ, विश्वव्यापी प्रवृत्तिहरू बुझ्छ र तर्कसंगत सोच राख्छ । उनीहरूका लागि पुराना नारा, ऐतिहासिक गौरव वा विचारधारात्मक बहस पर्याप्त छैनन् । उनीहरूलाई ठोस परिणाम चाहिन्छ । रोजगारीका अवसर, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा र भ्रष्टाचारमुक्त शासन ।

वामपन्थी दलहरूले यिनै आधारभूत प्रश्नहरूमा ठोस जवाफ दिन सकेका छैनन् । बरु, उनीहरू अझै पनि पुरानै राजनीतिक भाषामा अल्झिएका छन् । जनताको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई प्राथमिकता दिन नसक्नुले उनीहरूको विश्वसनीयता कमजोर बनाएको छ ।

अर्कोतर्फ, सत्ताकेन्द्रित राजनीति पनि

`पालको राजनीति अब नयाँ मोडमा प्रवेश गरिसकेको छ । जनताले स्पष्ट सन्देश दिएका छन् । अब उनीहरु केवल नाराले होइन, परिणाममा विश्वास गर्छन् । विगतमा राजनीतिक दलहरूले विचारधारालाई आधार बनाएर जनमत जित्ने प्रयास गर्थे, तर अहिलेको समय फरक छ । जनताले आफ्नो दैनिक जीवनमा परिवर्तन देख्न चाहेका छन् । उनीहरुका लागि विकास, रोजगारी, सुशासन र पारदर्शिता अब वैकल्पिक एजेन्डा होइनन्, अनिवार्य आवश्यकता बनेका छन् ।

यही सन्दर्भमा वामपन्थी दलहरुको भूमिका झन् महत्वपूर्ण बन्छ । किनकि उनीहरुले लामो समयदेखि सामाजिक न्याय, समानता र समावेशीताको पक्षमा आवाज उठाउँदै आएका छन् । तर विडम्बना के छ भने, यिनै मूल्यहरु व्यवहारमा उतार्न नसक्दा उनीहरु जनताबाट टाढिँदै गएका छन् ।

वामपन्थीहरूको पतनको प्रमुख कारण बनेको छ । विचारभन्दा सत्ता महत्वपूर्ण ठान्ने प्रवृत्तिले उनीहरूको वैचारिक धरातल नै कमजोर बनाएको छ । जुनसुकै गठबन्धनमा जान तयार हुने, अल्पकालीन लाभका लागि दीर्घकालीन मूल्य त्याग्ने प्रवृत्तिले जनताको विश्वास गुमाएको छ ।

यस्तो अवस्थामा, केवल 'एकता' नै समाधान हो भन्ने धारणा पनि अपूरो देखिन्छ । एकता आवश्यक छ, तर त्यो केवल संगठनात्मक मिलनमा सीमित हुनुहुँदैन । त्यो विचार, व्यवहार र नेतृत्वमा देखिनुपर्छ । विश्वासको पुनः निर्माणविना गरिएको एकता दीर्घकालीन हुन सक्दैन ।

वामपन्थी आन्दोलन पुनर्जीवित हुनका लागि केही आधारभूत परिवर्तन अनिवार्य देखिन्छन् । पहिलो, जनताका वास्तविक मुद्दामा फर्कनु आवश्यक छ । उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य र भ्रष्टाचार नियन्त्रणजस्ता विषयमा स्पष्ट र कार्यान्वयनयोग्य योजना आवश्यक छ । दोस्रो, आन्तरिक लोकतन्त्र सुदृढ बनाउनुपर्छ । नेतृत्व चयनदेखि निर्णय प्रक्रियासम्म पारदर्शिता र सहभागिता सुनिश्चित गर्नुपर्छ । तेस्रो, नयाँ पुस्तालाई अवसर दिनुपर्छ । पुरानै अनुहारले मात्र परिवर्तन सम्भव हुँदैन भन्ने यथार्थ स्वीकार्नुपर्छ ।

यससँगै, संगठनात्मक संरचनामा पनि सुधार आवश्यक छ । केन्द्रीकृत निर्णय प्रणालीले स्थानीय तहका समस्या र समाधानलाई बेवास्ता गर्छ । त्यसैले, विकेन्द्रीकृत र उत्तरदायी संरचना विकास गर्नुपर्छ । साथै, प्रविधिको प्रयोग, डेटा आधारित नीति निर्माण र प्रभावकारी सञ्चार रणनीतिले पनि आन्दोलनलाई नयाँ ऊर्जा दिन सक्छ ।

यद्यपि चुनौतीहरू धेरै छन्, सम्भावना समाप्त भएको छैन । वामपन्थी विचारधारा अझै पनि नेपालको सामाजिक-आर्थिक सन्दर्भमा सान्दर्भिक छ । तर त्यो सान्दर्भिकता कायम राख्नका लागि व्यवहारमा परिवर्तन अनिवार्य छ । आत्मालोचना, सुधार र नवीकरणविना वामपन्थी आन्दोलन अघि बढ्न सक्दैन ।

अन्ततः नेपालको राजनीति अब नयाँ मोडमा प्रवेश गरिसकेको छ । जनताले स्पष्ट सन्देश दिएका छन् । अब उनीहरू केवल नाराले होइन, परिणाममा विश्वास गर्छन् । विगतमा राजनीतिक दलहरूले विचारधारालाई आधार बनाएर जनमत जित्ने प्रयास गर्थे, तर अहिलेको समय फरक छ । जनताले आफ्नो दैनिक जीवनमा परिवर्तन देख्न चाहेका छन् । उनीहरूका लागि विकास, रोजगारी, सुशासन र पारदर्शिता अब वैकल्पिक एजेन्डा होइनन्, अनिवार्य आवश्यकता बनेका छन् ।

यही सन्दर्भमा वामपन्थी दलहरूको भूमिका झन् महत्वपूर्ण बन्छ । किनकि उनीहरूले लामो समयदेखि सामाजिक न्याय, समानता र समावेशीताको पक्षमा आवाज उठाउँदै आएका छन् । तर विडम्बना के छ भने, यिनै मूल्यहरू व्यवहारमा उतार्न नसक्दा उनीहरू जनताबाट टाढिँदै गएका छन् । विचार र व्यवहारबीचको यो खाडल नै आजको संकटको मूल कारण हो ।

अबको राजनीतिक यात्रामा वामपन्थीहरूका लागि सबैभन्दा ठूलो चुनौती भनेको विश्वास पुनर्स्थापना हो । विश्वास कुनै घोषणाले होइन, कार्यले निर्माण हुन्छ । जनताले देख्न चाहेका छन् । नेतृत्व कत्तिको जवाफदेही छ, निर्णय कत्तिको पारदर्शी छन् र नीति कत्तिको प्रभावकारी छन् । यदि यी पक्षमा सुधार आउन सकेन भने, विचारधारा जति सशक्त भए पनि त्यसको कुनै अर्थ रहने छैन ।

अर्कोतर्फ, नयाँ पुस्ताको उदयले पनि राजनीतिक समीकरण बदलिरहेको छ । यो पुस्ता परम्परागत निष्ठाभन्दा बढी तर्क, तथ्य र परिणाममा विश्वास गर्छ । उनीहरूलाई आकर्षित गर्न पुराना शैली र भाष्य पर्याप्त छैनन् । वामपन्थी दलहरूले यदि यो पुस्ताको मनोविज्ञान बुझ्न सकेनन् भने, उनीहरू क्रमशः सान्दर्भिकताबाट बाहिरिन सक्छन् ।

यसैले, अबको आवश्यकता केवल संगठनात्मक पुनर्संरचना होइन, सोच र शैलीको रूपान्तरण पनि हो । राजनीतिक दलहरूले आफूलाई समय अनुकूल बनाउँदै लैजानुपर्छ । जनताको अपेक्षाअनुसार सेवा प्रवाह सुधार गर्न, भ्रष्टाचार नियन्त्रणमा कडा कदम चाल्नु र विकासका ठोस परिणाम देखाउनु अनिवार्य भइसकेको छ ।

यही सन्दर्भमा, वामपन्थी दलहरूले आत्मालोचना गर्ने साहस देखाउनुपर्छ । विगतका कमजोरीहरू स्वीकार गर्दै, सुधारको स्पष्ट मार्गचित्र प्रस्तुत गर्नुपर्छ । केवल दोषारोपण र तर्क-वितर्कमा अल्झिनु अब पर्याप्त छैन । जनताले समाधान खोजिरहेका छन् र त्यो समाधान दिन नसक्ने दलहरू स्वतः किनारामा पुग्नेछन् ।

साथै, एकता पनि अब केवल राजनीतिक समीकरणको विषय बन्नुहुँदैन । त्यो विचार, मूल्य र लक्ष्यमा आधारित हुनुपर्छ । साझा दृष्टिकोण र स्पष्ट कार्ययोजनाविना गरिएको एकता टिकाउ हुँदैन । त्यसैले, वामपन्थीहरूबीचको सहकार्य विश्वास, पारदर्शिता र प्रतिबद्धतामा आधारित हुनुपर्छ ।

समग्रमा हेर्दा, नेपालको वामपन्थी आन्दोलन अहिले संकट र सम्भावनाको दोसाँधमा उभिएको छ । यदि यसले समयको सन्देश बुझेर आफूलाई रूपान्तरण गर्न सक्छ भने, पुनः सशक्तरूपमा उदाउन सक्ने सम्भावना अझै बाँकी छ । तर यदि पुरानै शैली, नेतृत्व र सोचमा अडिग रह्यो भने इतिहासले दिएको अवसर गुम्नेछ ।

जनताले अब स्पष्टरूपमा देखाइसकेका छन् । राजनीति अब अहंकार, वर्चश्व र पुराना भाष्यले चल्दैन । यो उत्तरदायित्व, परिणाम र विश्वासको युग हो । जो यसलाई बुझ्छ, उसले भविष्य बनाउँछ, जो बुझ्दैन, ऊ इतिहासको पानामा सीमित हुन्छ ।

विभाजन र अविश्वासको यो घडीमा वामपन्थीहरूले आत्मसमीक्षा गर्ने कि पुरानै बाटोमा हिँड्ने ? जवाफ उनीहरूकै हातमा छ । तर समय कुर्दैन र जनता पर्खन तयार छैनन् । अबको नेपाली राजनीति परम्पराको नभई परिवर्तनको राजनीति हो । विभाजनको होइन, एकताको हो तर त्यो एकता व्यावहारिक, पारदर्शी र जनमुखी हुनुपर्छ । वामपन्थीहरू त्यो गर्न सक्छन् कि सक्दैनन्, त्यसैमा उनीहरूको भविष्य निर्भर छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको जग्गा अतिक्रमणमा




दाङ- दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको दुई बिघाभन्दा बढी जग्गा लामो समयदेखि अतिक्रमणमा परेको छ । घोराही उपमहानगरपालिका-१४ स्थित उक्त जग्गा खाली गराउन प्रतिष्ठानले पहल गर्दै आए पनि हालसम्म समस्या समाधान हुन सकेको छैन ।

जग्गा अतिक्रमणका कारण प्रतिष्ठानले फोहोर व्यवस्थापन, शैक्षिक कार्यक्रमका लागि आवश्यक पूर्वाधार विस्तार तथा पार्किङ स्थल निर्माणलगायतका काम गर्न नसकेको जनाएको छ ।

अतिक्रमित जग्गा खाली गराउन आवश्यक समन्वय र सहजीकरणका लागि २०८२ चैत १८ गते गृह मन्त्रालयअन्तर्गत आन्तरिक प्रशासन, सहरी तथा सभा-समारोह व्यवस्थापन शाखाले जिल्ला प्रशासन कार्यालय दाङलाई पत्राचारसमेत गरेको थियो ।

उक्त क्षेत्रमा बसोबास गर्दै आएका सुकुमवासी तथा भूमिहीनहरूले भने पुनर्वासको व्यवस्था भए मात्र जग्गा खाली गर्ने अडान राखेका छन् । घोराही-१४ खोलीगाउँ निवासी भीमा कामीले आफ्नो जग्गा नभएकाले बाध्यतावश खोला किनारमा बस्नुपरेको बताउँदै स्थायी बसोबासको सुनिश्चितता भए अन्यत्र जान तयार रहेको बताइन् ।

स्थानीय मानबहादुर बुढाले पनि २०४० सालदेखि उक्त क्षेत्रमा बस्दै आएको उल्लेख गर्दै अहिले हटाउन खोज्दा कहाँ जाने भन्ने चिन्ता थपिएको बताए ।

स्थानीयवासीहरूको साझा माग भनेको पुनः विस्थापित नहुने गरी स्थायी व्यवस्थापन गरिनु पर्ने रहेको छ । अहिले जस्तो बारम्बार हटाइने अवस्था नहोस् भन्ने उनीहरूको चाहना छ ।

वडा सदस्य तथा ट्राफिकचोक खोलीगाउँ टोल विकास समितिकी अध्यक्ष रचना कुमालका अनुसार उक्त क्षेत्रमा हाल १५९ घरपरिवार बसोबास गर्दै आएका छन् । जसमध्ये पुलचोक खोलीगाउँमा ५४ र ट्राफिकचोक खोलीगाउँ टोलमा १०५ घरपरिवार रहेका छन् ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त निर्देशक प्रा.डा. जनार्दन पन्थीका अनुसार सेवा विस्तार र शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक संरचना निर्माण गर्नपर्ने भए पनि बस्तीका कारण समस्या भइरहेको छ ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले प्रतिष्ठान, स्थानीयवासी र घोराही उपमहानगरपालिकाबीच समन्वय गरी वास्तविक सुकुमवासीको पहिचान गरी समस्या समाधान गरिने बताए ।

## रामेछाप डायरी

## प्रगति सार्वजनिक गर्दै जनस्वास्थ्य कार्यालय रामेछापद्वारा पत्रकारसँग अन्तरक्रिया



रामेछाप- जनस्वास्थ्य कार्यालय रामेछापले चालु आर्थिक वर्षको हालसम्म अर्थात यो ९ महिनामा सञ्चालन भएका स्वास्थ्य कार्यक्रमहरूको प्रगति विवरण सार्वजनिक गर्दै पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यालयले जिल्लाभर सञ्चालन गरिएका विभिन्न स्वास्थ्य सेवा तथा जनचेतनामूलक कार्यक्रमहरूको प्रगति समीक्षा गर्दै उपलब्धि, चुनौती र आगामी योजनाबारे जानकारी गराएको हो । कार्यक्रममा मातृ तथा शिशु स्वास्थ्य, खोप सेवा, पोषण, परिवार नियोजन, सरुवा रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धनका क्षेत्रमा भएका कामहरूको प्रगति प्रस्तुत गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी पत्रकारहरूले स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा ग्रामीण भेगमा देखिएका समस्याबारे जिज्ञासा राखेका थिए । पत्रकारहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै जनस्वास्थ्य कार्यालयका प्रमुख विभु कुमार झा ले सेवाको प्रभावकारिता बढाउन स्थानीय तहसँग समन्वय गरेर काम गरिरहेको बताउनुभयो ।

जिल्लाका नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध गराउने लक्ष्यअनुसार कार्यक्रमहरू सञ्चालन भइरहेको उहाँको भनाई छ । उहाँका अनुसार केही क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भए पनि भौगोलिक विकटता, जनशक्ति अभाव तथा स्रोत-साधनको सीमितताका कारण अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको छ ।

कार्यक्रममा स्वास्थ्य क्षेत्रका सूचकहरूमा सुधार ल्याउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै कार्यालयले सही सूचना प्रवाहमा सहयोग गर्न पत्रकारहरूलाई आग्रह गरेको हो । जनस्वास्थ्य कार्यालय रामेछापले आगामी महिनाहरूमा बाँकी कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरी वार्षिक लक्ष्य हासिल गर्ने प्रतिबद्धता समेत जनाएको छ ।

## सुकुमवासीको दीर्घकालीन व्यवस्थापन गर : उज्यालो नेपाल पार्टीले

काठमाडौं- सुकुमवासीहरूको दीर्घकालीन व्यवस्थापन गर्न उज्यालो नेपाल पार्टीले माग गरेको छ ।

सुकुमवासी हटाउन सुरु गरेपपछि विज्ञप्ती निकालेर ध्यानाकर्षण भएको बताएको उज्यालो नेपाल पार्टीले वास्तविक सुकुमवासी पहिचान गरी दीर्घकालीन व्यवस्थापन गर्न माग गरेको हो । 'बसोबासको मौलिक हक, मानवीय मर्यादा, सामाजिक न्याय र मानव अधिकारसँग प्रत्यक्ष जोडिएको गम्भीर विषय भएकाले वास्तविक सुकुमवासीको पहिचान गरी उचित र दीर्घकालीन व्यवस्थापन गर्न माग गर्दछौं', विज्ञप्तिमा उल्लेख छ ।

पार्टीले सबै पक्षलाई संवाद र सहमतिको माध्यमबाट समस्या समाधान गर्न पनि आह्वान गरेको छ ।

## अनुमति नलिई शाखा कार्यालय सञ्चालन गर्ने म्यानपावरलाई २ लाख जरिबाना




काठमाडौं- वैदेशिक रोजगार विभागले पूर्व स्वीकृति नलिई शाखा कार्यालय सञ्चालन गर्ने एक म्यानपावर कम्पनीलाई २ लाख रूपैयाँ जरिबाना गरेको छ ।

काठमाडौंको बसुन्धारामा रहेको एसोसिएट वेलकम इन्टरनेसनललाई विभागले पूर्व स्वीकृति नलिई शाखा कार्यालय सञ्चालन गर्ने तथा सामाजिक सञ्जालमा विज्ञापन गरेको भन्दै २ लाख रूपैयाँ जरिबाना गरेको हो ।

विभागले वैदेशिक रोजगार ऐनको दफा ४८ बमोजिम अनुमतिबिना शाखा कार्यालय खोलेको भन्दै २ लाख रूपैयाँ जरिबाना गरेको हो ।

दफा ४८ मा कुनै पनि इजाजतपत्रवाला (म्यानपावर) ले विभागको अनुमति नलिई शाखा कार्यालय खोलेमा प्रत्येक शाखाका लागि २ लाख रूपैयाँका दरले जरिबाना गरी उक्त कार्यालय बन्द गर्न आदेश दिन सक्ने व्यवस्था छ । सोही अनुसार कारबाही गरिएको विभागले जनाएको छ ।

उक्त म्यानपावरले बाग्लुङमा शाखा कार्यालय स्थापना गर्दै सामाजिक सञ्जाल टिकटकमा विज्ञापन गरेको पाइएको थियो । सोही आधारमा विभागमा उजुरी परेपछि जरिबाना र शाखा कार्यालय बन्द गर्न निर्देशन दिएको हो ।

त्यस्तै प्रचलित कानुन, विभागको आदेश तथा निर्देशन पालना नगरेको भन्दै २ वटा म्यानपावरलाई सचेत गराइएको छ । टोखामा रहेको मास ह्युमन रिसोर्सेस र टेस्ला ओभरसिजलाई विभागको अभिलेखमा रहनेगरी पहिलो पटकका लागि सचेत गराएको हो ।

## रामेछापको लिखु तामाकोशी – २ सैपुको वडा कार्यालय भवनको उद्घाटन



रामेछाप- रामेछापको लिखु तामाकोशी - २ सैपुको वडा कार्यालय भवनको उद्घाटन भएको छ । वडाको भवन निर्माण सम्पन्न भइसकेकाले लिखु तामाकोशीका अध्यक्ष केशव महत, उपाध्यक्ष दीपा पाख्रिन लगायतले उद्घाटन गरेको वडा अध्यक्ष सन्तोष पौडेलले जानकारी दिए ।

संघीय संरचना अनुसार स्थानीय तह बनेपछि यसअघि नमुनादीप युवा क्लबको सामुदायिक सूचना केन्द्रबाट वडा कार्यालय सञ्चालन हुँदै आएको थियो । अघिल्लो कार्यकालमा भवन बनाउन नसकेको भन्दै जनप्रतिनिधिले आलोचना खेपेका थिए । भवन निर्माणपछि वडाअध्यक्ष पौडेलले भने, 'वडा कार्यालयको प्रशासनिक भवन निर्माण भएका छन्, यसले कर्मचारी र सेवाग्राही सबैलाई सहज भएको छ ।'

नवनिर्मित भवनबाट सेवा प्रवाह पनि भइसकेको छ । वडाको करिब १ करोड रुपैयाँको बजेटमा भवन निर्माण भएको हो । साढे २ तले भवनमा १० वटा कोठा रहेका छन् । क्वाटरको व्यवस्थारहित, भुई तलमा ४ र माथिल्लो तलामा ४ कोठा रहेका छन् ।

पौडेलले वडा कार्यालय भवन निर्माणका लागि सहयोग र समन्वय गर्ने सबैलाई धन्यवाद दिए । वडा कार्यालयमा विभिन्न चित्रसहित भित्ते लेखन स्थानीय विनोद कार्कीले गरेका थिए ।

# सशस्त्र प्रहरीको १३औं आईजीपीमा नारायणदत्त पौडेल



काठमाडौं- सरकारले सशस्त्र प्रहरी बल, नेपालको १३ औं आईजीपीमा नारायणदत्त पौडेललाई बढुवा गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले अतिरिक्त महानिरीक्षक (एआईजी) पौडेललाई आईजीपी (सशस्त्र प्रहरी प्रमुख) मा बढुवा गर्ने निर्णय गरेको हो ।

सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकस्थित मानव स्रोत विभागका प्रमुख रहेका पौडेलले १८ वैशाखपछि आईजीपीको कमाण्ड सम्हाल्ने छन् ।

हालका आईजीपी राजु अर्याल आईजीपीको चार वर्षे कार्यकाल पूरा गरी यही १८ वैशाखमा अवकाश जाँदैछन् ।

पौडेल आईजीपी बढुवाको पहिलो दाबेदार थिए । उनी १८ चैत २०५४ सालमा नेपाल प्रहरीको इन्स्पेक्टरमा सेवा प्रवेश गरेका थिए ।

उनीसँगै आईजीपीको बढुवाका लागि सीमा विभागमा कार्यरत एआईजी वंशी दाहाल र कार्य विभागमा कार्यरत एआईजी गणेश ठाडा मगर पनि प्रतिस्पर्धामा थिए । तर उनीहरु पौडेल भन्दा जुनियर थिए ।

पौडेल ६ जेठ २०७९ मा एआईजीमा बढुवा भएका थिए । राजु अर्याल आईजीपी बनेपछि एआईजीको रिक्त पदमा पौडेललाई बढुवा गरिएको थियो ।

आईजीपीको दोस्रो दाबेदारका रूपमा रहेका दाहाल भने पौडेलभन्दा करिब ५ महिनापछि मात्रै एआईजीमा बढुवा भएका थिए । दाहाललाई सरकारले २८ असोज २०७९ मा एआईजीमा बढुवा गरेको थियो । दाहाललाई एआईजी बनाउन त्यतिबेला सरकारले सीमा सुरक्षा विभागमा एक एआईजीको दरबन्दीसमेत सिर्जना गरेको थियो ।

ठाडा मगर भने उनीहरूभन्दा करिब २ वर्ष जुनियर हुन् । उनी २ असार २०८२ मा मात्रै एआईजीमा बढुवा भएका थिए । भर्ना प्रक्रियामा पनि ठाडा मगर दुई वर्ष नै जुनियर हुन् । उनी २०५६ सालमा प्रहरी निरीक्षकमा भर्ना भएका थिए ।

पौडेलले १८ चैत २०८४ सम्म अर्थात दुई वर्ष संगठन प्रमुखको जिम्मेवारी निर्वाह गर्ने छन् । विद्यमान सशस्त्र प्रहरी नियमावली अनुसार ३० वर्षे सेवा हदका कारण उनी १८ चैत् २०८४ मा अवकाशमा जानेछन् ।

२०५४ मा नेपाल प्रहरीको इन्स्पेक्टरमा भर्ना भएका उनी सशस्त्र गठन भएपछि स्थानान्तरण भएर सशस्त्रमा आएका थिए ।

त्यसपछि उनलाई १८ असार २०५८ मा सशस्त्रको कामु डीएसपी बनाइएको थियो । १८ चैत २०५८ मा उनी स्थायी बढुवा भएर डीएसपी बने ।

## दुई हजार नौ सय तीन जना ट्राफिक कारबाहीमा



काठमाडौं- पछिल्लो २४ घण्टामा दुई हजार ९०३ जना सवारी चालक सवारी नियम उल्लंघनको कारबाहीमा परेका छन् ।

यसबाट राज्यकोषमा रु २५ लाख ५६ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको १२७, नियम विपरीत 'राइड सेयरिङ' गरेका २८१, ट्राफिक संकेत उल्लंघनकर्ता २०० र तीव्र गतिमा सवारी साधन हुइँक्याएका १७६ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ३१२, निषेधित क्षेत्रमा हर्न बजाउने ६५, निर्धारित स्थानामा यात्री चढाउने र ओराल्ने नियम उल्लंघनकर्ता ७४ र अन्य सवारी नियम पालना नगरेका एक हजार ४९९ जनालाई कारबाही गरिएको हो ।

# श्रम बजारमा बिक्ने जनशक्ति उत्पादन गर्न सीपमूलक शिक्षामा लगानी केन्द्रित गर्न‘पर्छ : अर्थ मन्त्रालय




काठमाडौं- अर्थ मन्त्रालयले देशको साक्षरता दरमा उल्लेख्य वृद्धि भए तापनि शिक्षाको गुणस्तर, सीप र बजारको मागबीच तालमेल कमजोर रहेको निष्कर्ष निकालेको छ ।

अर्थतन्त्रको वर्तमान स्थितिपत्र सार्वजनिक गर्दै मन्त्रालयले यो समस्या समाधान गर्न प्राविधिक र सीपमूलक शिक्षामा लगानी केन्द्रित गर्नँपर्ने निष्कर्ष निकालेको हो ।

‘राष्ट्रिय जनगणना, २०७८ का अनुसार नेपालको शिक्षा क्षेत्रमा पछिल्लो दशकमा साक्षरता दर (६ वर्ष+) ५८.० प्रतिशतबाट बढेर ७६.३ प्रतिशत पुग्नु एक सकारात्मक उपलब्धि भए तापनि यस क्षेत्रमा आमूल रूपान्तरणको आवश्यकता अझै खड्किएको छ,’ स्थिति पत्रमा भनिएको छ ।

मन्त्रालयले साक्षरतामा वृद्धि देखिए पनि गुणस्तरीय सिकाइ, शिक्षकको व्यावसायिक दक्षता र विपन्न एवं सीमान्तकृत समुदायसम्म समान पहुँच अझै पर्याप्त नरहेको निष्कर्ष निकालेको छ ।

‘वर्तमान शिक्षा प्रणालीलाई रोजगारी र बजारको मागसँग प्रत्यक्ष आबद्ध गर्न नसकिँदा शैक्षिक बेरोजगारीको दर तीव्र रूपमा बढ्दै गएको छ,’ स्थितिपत्रमा भनिएको छ, ‘तसर्थ, केवल प्रमाणपत्रमुखी नभई श्रम बजारमा बिक्ने दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक र सीपमूलक शिक्षामा लगानी केन्द्रित गर्नँ पर्नेछ।’

अर्थ मन्त्रालयले शिक्षालाई आर्थिक रूपान्तरणको एक माध्यमको रूपमा चित्रित गर्दै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न प्रविधि र डिजिटल उद्यमशीलतामार्फत युवा शक्तिलाई विश्व बजारसँग जोड्ने अवसरको सदुपयोग गर्नेपर्नेमा जोड दिएको छ ।

स्थितिपत्रमा शिक्षा सम्बन्धी विधिन्न सूचकहरूको तुलनात्मक अवस्था पनि उल्लेख गरिएकव छ ।

२०८२ सालसम्म नेपालमा प्रावि तहमा महिला शिक्षकको प्रतिशत ४९.१ प्रतिशत रहेको र माध्यमिक तहमा यो प्रतिशत २२.९ रहेको स्थितिपत्रमा उल्लेख छ ।

# लगानीको वातावरण प्रवर्धनमा स्वर्णिमको ‘माइलस्टोन’ निर्णय

काठमाडौं- एमाले र कांग्रेसको करिब दुई तिहाइ बहुमतको सरकारले आर्थिक क्षेत्रमा सुधारका लागि भन्दै २०८१ असोजमा पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गर्‍यो।

समितिमा निजी क्षेत्रका व्यावसायिक संगठनको पनि प्रतिनिधित्व गराइयो। त्यो समितिले निकै मिहेनत गरेर त्यही वर्षको चैत १२९ गते तत्कालीन अर्थमन्त्री विष्णु पौडेललाई प्रतिवेदन बुझायो।

प्रतिवेदनमा आर्थिक क्षेत्रमा सुधारका लागि अल्पकाल र दीर्घकालमा चाल्नुपर्ने कदमबारे विस्तृतमा सुझाव दिइएको थियो। साढे ४ सय पृष्ठको प्रतिवेदनमा १५ वटा कानुन खारेज गर्नुपर्ने सुझाव पनि थिए।

ती कानुनलाई निजी क्षेत्रले आर्थिक विकासमा बाधक भन्दै वर्षौंदेखि खारेज गर्न सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो। नागरिक र व्यवसायको आर्थिक स्वतन्त्रता कुण्ठित गरेको, व्यवसायको लागत अनावश्यक रुपमा बढाइरहेको, गलत प्रयोग भइरहेको, अनावश्यक नियन्त्रणमुखी भएको लगायत आधार देखाएर निजी क्षेत्रले खारेज गर्न नेताहरुको घरदैलो गरेको थियो।

निजी क्षेत्रको मागलाई बेवास्ता गर्दै आएको केपी ओली नेतृत्वको सरकारले आफैं गठन गरेको आयोगले दिएको सुझाव कार्यान्वयनमा चासो दिएन। तत्कालीन अर्थमन्त्री पौडेलले डिच्च दाँत देखाउँदै हाँसेरै टारे।

जेनजी आन्दोलनपछि गठन भएको सरकारमा खनाल अर्थमन्त्री बने। तर सरकारको मुख्य जिम्मेवारी फागुन २१ गते निर्वाचन गराउनु भएकाले उनले आफूले दिएका सुझाव कार्यान्वयनमा हात हालेनन्।

निर्वाचनमा करिब दुई तिहाइ बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकार गठनकै दिन खनाल आयोगकव प्रतिवेदनलाई आधार मानेर १५ वटा कानुन खारेज गर्ने निर्णय गरेको छ। रास्वपाका उपसभापति समेत रहेका डा. स्वर्णिम वाग्लेले अर्थ मन्त्रालयको नेतृत्व सम्हालेको दिन आफ्नो पहिलो निर्णयस्वरुप आर्थिक विकासमा बाधक रहेका कानुन खारेज गर्ने निर्णय गरे।



स्वर्णिमले पद्भार ग्रहणका क्रममा आय टिकट दस्तुर ऐन, २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३, प्रशासकीय कार्यविधि (नियमित गर्ने)ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९, बिर्ता उन्मूलन ऐन, २०१६, बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाइ-लिन खान नपाउने ऐन, २०१५, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्ने निर्णय लिए।

नेपाल एजेन्सी ऐन, २०१४, प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३, सामाजिक व्यवहार सुधार ऐन, २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ खारेज गर्ने निर्णय पनि स्वर्णिमले गरे। उनको निर्णयमा टेकेर अब ती १५ कानुन खारेजीको प्रक्रिया अगाडि बढ्नेछ।

यी मध्ये कतिपय कानुन यस्ता हुन् जसलाई टेकेर सरकारी निकायले निजी क्षेत्रलाई हतोत्साहित तुल्याउँदै आएका छन्। अझ कतिपय कानुनलाई त सरकारी कर्मचारीले कमाइ खाने भाँडो र निजी क्षेत्रलाई तर्साउने हतियारका रुपमा दुरुपयोग गर्दै आएका छन्।

यसबारे स्वर्णिम जानकार थिए। उनले पार्टीको चुनावी वाचापत्रमै आर्थिक प्रगतिका बाधक रहेका र असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गर्ने उल्लेख गरेका थिए।

झन्झटिला ऐन र तजबिजी प्रक्रिया श्रृंखलावद्ध रुपमा खारेज वा सुधार गरेर उत्पादन लागत घटाउने, व्यावसायिक वातावरण सुधार गर्ने र स्वदेशी एवं प्रवासी लगानी आकर्षित गर्ने रास्वपाको वाचा पत्रमा उल्लेख छ। निजी क्षेत्रले पत्याएका स्वर्णिम वाग्ले अर्थमन्त्री, ‘आर्थिक वृद्धिसँग जीवनस्तर मिल्नु पर्छ’

स्वर्णिमले अर्थ मन्त्रालयमा प्रवेश गरेकै दिन निजी क्षेत्रले वर्षौंदेखि चाहेको तर यसअघिका सरकारले हातै हाल्न नचाहेको विषयमा मिनेटभरमै निर्णय गरेका छन्। स्वर्णिमको यो निर्णयलाई निजी क्षेत्रले लगानीको वातावरण प्रवर्धनमा ‘माइलस्टोन’का रुपमा लिएको छ। अर्थमन्त्रीसँग ज्ञान, दक्षता र इच्छाशक्ति हुने हो भने काम गर्न सकिन्छ भन्ने सन्देश स्वर्णिमले पदबहालीकै दिन दिएका छन्।

निवर्तमान अर्थमन्त्री खनालले सामाजिक सञ्जालमार्फत भनेका छन्– उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले खारेज गर्न सिफारिस गरेका १५ वटा असान्दर्भिक ऐन खारेज गर्न प्रक्रिया अगाडि बढाउने अर्थमन्त्री डा स्वर्णिम वाग्लेको पहिलो निर्णयले शुभारम्भको संकेत गरेको छ।

स्वर्णिमले निजी क्षेत्रलाई दुःख दिने खालका अरु कानुन पनि नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघसँग छलफल गरेर खारेजीको प्रक्रिया अगाडि बढाउने बताएका छन्। उनको पहिलो दिनको निर्णय र प्रतिवद्धताले निजी क्षेत्रमा नयाँ सरकारप्रति भरोसा बढेको छ।

रास्वपाले करिब दुई तिहाइ बहुमत ल्याएपछि राजनीतिक स्थिरता हुने र वर्षैपिच्छे नीति नफेरिने विश्वास गरेको निजी क्षेत्र अर्थमन्त्रीबाट थप आशावादी बनेको छ। उदार अर्थतन्त्रका हिमायती स्वर्णिम अर्थमन्त्री बनेसँगै अर्थतन्त्रको दिशा अनिश्चित हुँदैन भन्ने विश्वास बढेर गएको छ। अर्थशास्त्री वाग्लेले पहिलो दिन नै विश्वास दिलाउने काम गरेका छन्। उनले सरकार निजी क्षेत्रलाई प्रोत्साहित गर्ने पक्षमा रहेको सन्देश दिएका छन्।

जेनजी आन्दोलनका क्रममा निजी सम्पत्तिमा भएको तोडफोड र आगजनीका कारण मनोबल गुमाएको निजी क्षेत्रलाई नयाँ अर्थमन्त्रीको पहिलो निर्णयले लगानी विस्तार गर्न हिम्मत दिएको छ।

लगानीकर्ताले कन्फिडेन्स गुमाएका कारण ११ खर्ब रुपैयाँभन्दा बढी तरलता बैंकिङ प्रणालीमा थुप्रिएका बेला निजी क्षेत्रको विश्वास आर्जन गर्नु सरकार अझ त्यसमा पनि अर्थमन्त्रीको पहिलो जिम्मेवारी नै हो।

# १० करोड डलरको परियोजना सुरु



काठमाडौं। चौधरी ग्रुपले विश्वप्रसिद्ध होटल समूह म्यारियट इन्टरनेसनलसँगको साझेदारीमा प्रतिष्ठित लक्जरी ब्रान्ड ‘द रिट्ज-कार्लटन’ नेपाल ल्याउने घोषणा गरेको छ।

बहुमतसहितको नयाँ सरकार गठन भएकै दिन चौधरी ग्रुपले ‘द रिट्ज-कार्लटन’ नेपाल ल्याउने घोषणा गरेको हो। सन् १९८३ मा स्थापित रिट्ज-कार्लटन ब्रान्डले हाल ३० देशमा १०८ भन्दा बढी होटल तथा रिसोर्ट सञ्चालन गर्दै आएको छ।

चौधरी ग्रुपअन्तर्गतको सीजी हस्पिटालिटी ग्लोबलले रविन्द्र श्रेष्ठ (आईजे ग्रुप), सौरव शर्मा (शर्मा एन्ड कम्पनी), अमृत शाक्य र सञ्चित श्रेष्ठसँग साझेदारीमा होटल निर्माणको काम सुरु गरेको छ।

कम्पनीले काठमाडौंको ठमेलमा ९ रोपनी जग्गामा होटल निर्माण गर्न सुरु गरेको हो। रिट्ज-कार्लटन काठमाडौंको शुक्रबार भूमिपुजन गरिएको छ। होटल निर्माणमा करिब १० करोड अमेरिकी डलर खर्च हुने सीजी हस्पिटालिटी ग्लोबलको अनुमान छ।

यो परियोजनामा १५० रुम सहितको अल्ट्रा लक्जरी होटल, ब्रान्डेड रेसिडेन्स, व्यवसायिक कम्प्लेक्स र क्यासिनो रहनेछन्।

परियोजना सन् २०२९ को मध्यसम्म पूरा गर्ने लक्ष्य छ। होटलमा एक रातको रुम रेट १,००० अमेरिकी डलरभन्दा बढी हुने र यसले नेपाललाई उच्च गुणस्तरीय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्ने सीजी हस्पिटालिटी ग्लोबलले जनाएको छ।

सीजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक एवं कार्यकारी अधिकृत राहुल चौधरीले रिट्ज-कार्लटनको प्रवेशले नेपालको पर्यटन क्षेत्रमा विश्वस्तरीयस्तरमा योगदान पुऱ्याउने चौधरी ग्रुपको प्रतिबद्धतालाई पुष्टि गरेको बताए।

‘आजको यो पहल केवल परियोजना उद्घाटनका लागि मात्र होइन, यो युवा सोच, युवा उद्यमीहरूको पहल हो जसले विश्वस्तरीय पर्यटन नेपालमा स्थापित गर्न चाहन्छन्। यो परियोजना नेपालका नयाँ प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारप्रति हाम्रो समर्थन र विश्वासको प्रतीक पनि हो। यस परियोजनामार्फत हामीले रोजगार सिर्जना, उच्चस्तरीय पर्यटन प्रवर्धन र आर्थिक वृद्धि बढाउन राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने लक्ष्य राखेका छौं,’ राहुलले भने।

सीजी हस्पिटालिटी ग्लोबलको पोर्टफोलियोमा हाल १२ देशका १३० गन्तव्यमा २३० भन्दा बढी होटल तथा रिसोर्ट छन्।

# ‘अन्तिम समयसम्म सहमतिको प्रयास जारी राख्छौं’



काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले नेतृत्व चयनका लागि सहमतिको प्रयास अन्तिम समयसम्म जारी राख्ने बताएका छन्।

उनले सवमबार आफ्नो समूहको प्यानल घोषणा कार्यक्रममा सहमतिका लागि पहल गर्न अध्यक्ष चन्द्र ढकालसँग आग्रह गरे।

‘हामीले सहमतिका लागि पहल सुरु गरेका छौं। अध्यक्षज्यूलाई पनि यसमा सहयोग गर्न आग्रह गरेको छु। मतदान हुनुअघिसम्म सहमतिको सम्भावना रहन्छ। सहमति हुन सकेन भने हामी स्वस्थ लोकतान्त्रिक अभ्यासमा जानेछौं,’ उनले भने।

उनले निर्वाचनमा जसले जिते पनि निजी क्षेत्रको नेतृत्व गर्ने गरी सबैलाई एउटै डुङ्गाका यात्री सम्झेर एकताबद्ध रुपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

महासंघको यही चैत मसान्तमा हुने साधारण सभाबाट श्रेष्ठ स्वतः अध्यक्ष बन्दैछन्।

श्रेष्ठले कोभिडपछिको परिस्थिति र सरकारका केही नीतिगत कमजोरीका कारण बजार माग घटेको र उद्योगहरू न्यून क्षमतामा चलिरहेको बताए। उनले व्यवसायीका समस्या सुन्न र समाधानको पहलका लागि डेस्क स्थापना गर्ने, पूर्वअध्यक्ष र आर्थिक विज्ञ सम्मिलित ‘थिङ्क ट्याङ्क’ बनाउने र डाटामा आधारित नीतिगत बहस गर्ने लगायत योजना सुनाए।

# एफएनसीसीआईको एसोसिएट उपाध्यक्षमा पाण्डे चुनावी मैदानमा



काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षका उम्मेदवार प्रबलजंग पाण्डेले उद्योगी व्यवसायीले भोग्नुपरेका समस्यालाई आफूले नजिकबाट नियालेको भन्दै समाधानको प्रयासका लागि १२ बुँदे कार्ययोजना अगाडि सारेका छन्।

उनले सोमबार काठमाडौंमा उम्मेदवारी घोषणा कार्यक्रममा निजी क्षेत्रको पुनरुत्थान र आर्थिक समृद्धिका लागि आफ्नो कार्ययोजना सुनाएका हुन्। ‘म पनि ती सयौं उद्योगीमध्ये एक हुँ, जसले राज्यको अदूरदर्शी नीतिका कारण पटक-पटक सास्ती भोग्नुपरेको छ,’ उनले भने, ‘त्यसैले म सुधारको योजनासहित मैदानमा आएको छु।’

उनले उद्योगमैत्री र स्थिर नीति निर्माण, ब्याजदरमा स्थिरता, वैदेशिक र स्वदेशी लगानी बढाउन ‘क्रेडिट रिकभरी एक्ट’ तर्जुमा, आयकरको सीमा परिमार्जन, हवाई टिकटमा लगाइएको भ्याट खारेज, उद्योगहरूलाई सहुलियत दरमा चौबिसै घण्टा बिजुली, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता, सामूहिक सौदाबाजीको बाध्यात्मक अवस्था अन्त्य गरी न्यूनतम ज्याला निर्धारण गर्ने वैज्ञानिक आधार तय गर्नुपर्ने लगायत विषय अगाडि सारेका छन्।

उनले बागमती प्रदेश अध्यक्षको रूपमा काम गर्दा सिकेका अनुभवले महासंघलाई बलियो बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे। महासंघको अहिलेको कार्यसमितिमा एसीसिएट तर्फबाट सदस्य रहेका अम्बिकाप्रसाद पौडेल, बाबुकाजी कार्की, हेमन्त गोल्छा, जुना माथेमा, राजेश कुमार अग्रवाल, ऋषि अग्रवाल, उज्जवल श्रेष्ठ, शक्ति कुमार बेगानी र सुशील थापा पाण्डेको पक्षमा उभिएका छन्। यसबाहेक कृष्णलाल महर्जन, निकोलस पाण्डे, प्रियराज रेग्मी, आरएस भण्डारी, ईश्वर जिसी र सुयस प्याकुरेल पनि पाण्डेको पक्षमा खुलेका छन्।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



खेलकुद

# हेजलउड र भुवनेश्वरको बलिङमा ढल्यो दिल्ली



दिल्ली- जेसन हेजलउड र भुवनेश्वर कुमारले उत्कृष्ट बलिङ गरेपछि रोयल च्यालेन्जर्स बेंगलुरुले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सोमबार दिल्ली क्यापिटल्सलाई ९ विकेटले पराजित गरेको छ।

टस हारेपछि ब्याटिङमा आएको दिल्ली अरुण जेट्ली रंगशालामा १६.३ ओभरमा ७५ रनमै अलआउट भयो । आईपीएलमा दिल्लीको यो तेस्रो न्युन स्कोर हो । दिल्लीले शनिबार यही विकेटमा २ सय ६४ रन बनाएको थियो र त्यसलाई पन्जाब किंग्सले ७ बल अगाडि पूरा गरेको थियो ।

डिफेन्डिङ च्याम्पियन बेंगलुरुले ६.३ ओभरमै ७७ रन बनाएर खेल जित्यो । कप्तान देवदत्त पाडिकल १३ बलमा ३४ र विराट कोहली १५ बलमा २३ रन बनाई अविजित रहे । पाडिकलले समान ३ चौका र छक्का तथा कोहलीले १ चौका प्रहार गरे । कोहलीले टी नटराजनको बलमा लगातार दुई छक्का प्रहार गर्दै विजयी रन बटुले । सोक्रममा कोहली आईपीएलमा ९ हजार रनको आँकडा छुने पहिलो खेलाडी बने । ज्याकोब बेथल ११ बल खेली १ चौका र २ छक्का प्रहार गर्दै २० रन बनाई केयल जेमिसनको बलमा आउट भए ।

यसअघि दिल्लीले निकै दयनीय सुरुआत गरेको थियो । दिल्लीले ४ ओभरमा ८ रन बनाउँदा ६ विकेट गुमाइसकेको थियो । हेजलउड र भुवनेश्वरले ३-३ विकेट लिएपछि दिल्ली पहिलो ६ ओभरको पावरप्लेमै टोली १३-६ को स्कोरमा पुग्यो, जुन आईपीएलमा पावर प्लेमा बनेको सबैभन्दा न्यून स्कोर हो ।

एक समय बेंगलुरुकै नाममा रहेको आईपीएलको सबैभन्दा कम ४९ रनको नकारात्मक कीर्तिमान दिल्लीको नाममा आउने खतरा बढेको थियो । अभिषेक पोरेलले ३० बलमा ३३, डेबिड मिलरले १८ बलमा १९ र जेमिसनले १३ बलमा १२ रन बनाएर दिल्लीको उक्त खतरा टारेका थिए ।

भुवनेश्वरले खेलको दोस्रो बलमा 'डेब्यु' गरिरहेका साहिल प्रकाशलाई बोल्ड गरेपछि दिल्लीका ब्याटरहरू पालैपालो आउट हुनेक्रम सुरु भयो । केएल राहुल र नितिश राना १-१, समीर रिज्भी र कप्तान अक्षर पटेल समान शून्य तथा ट्रिस्टन स्टब्स ५ रनमा आउट भए ।

हेजलउडले ३.३ ओभरमा १२ रन खर्चेर ४ र भुवनेश्वरले ३ ओभरमा ५ रन खर्चेर ३ विकेट लिए । रसिख सलाम, सूयश शर्मा र क्रुनाल पाण्ड्याको नाममा १-१ विकेट रह्यो ।

# कर्पोरेट टी-१० मा क्लाउड, सुबिसु र आईसीएफसी विजयी



काठमाडौं- टेक्सपायर कर्पोरेट टी-१० लिगमा सोमबार पहिलो खेलमा क्लाउड फ्याक्ट्रीले एनसेललाई २ रनले हराएको छ । टस जितेको क्लाउडले निर्धारित १० ओभरमा ६ विकेट गुमाएर ९९ रन बनायो । कप्तान सुबोध ढुंगेलले अविजित ५२, जनार्दन बञ्जाडेले १९ र रतिश श्रेष्ठले १० रन जोडे । एनसेलका अनिल महर्जनले २, अनिल भण्डारी र अंकित क्षेत्रीले १-१ विकेट लिए ।

१०० रनको लक्ष्य पछ्याएको एनसेल १० ओभरमा ६ विकेट गुमाएर ९७ रनमै सीमित भयो । समज पौडेलले अविजित ४२ र प्रज्वल प्रजापतिले २७ रन बनाए ।

क्लाउडका नविन रोकायाले १ र जुलेन महर्जनले समान १ विकेट लिए । फिल्डिङतर्फ पनि टोली निकै प्रभावशाली देखियो । क्लाउडका कप्तान सुबोध ढुंगेल म्यान अफ द म्याच घोषित भए । उनले अर्धशतक बनाएका थिए ।

दोस्रो खेलमा सुबिशुले सिप्रदीलाई ७ विकेटले हरायो । टस हारेर ब्याटिङ गरेको सिप्रदीले १० ओभरमा ३ विकेट गुमाई १०७ रन बनायो । प्रल्लभराज श्रेष्ठले अविजित ४९, युगेश न्यौपानेले १३ र दिपेश श्रेष्ठले १५ रन जोडे । सुबिसुका बलर हिमाल चन्द प्रभावशाली देखिए । उनले ६ रन खर्चेर १ विकेट लिए । नीराजन परियारले १ विकेट लिए ।

१ सय ८ रनको लक्ष्य पाएको सुबिसुले आक्रामक सुरुवात गर्दै ८.१ ओभरमै लक्ष्य पूरा गऱ्यो । विवेक कुमार यादवले ३५, दमन चन्दले अविजित ३९ रन प्रहार गरे । विष्णु धमलाले अविजित २ रन जोड्दै टोलीलाई जितसम्म पुऱ्याए । सिप्रदीका प्रल्लभराज श्रेष्ठले २ विकेट लिए । शैलेन्द्र नेपालले १ विकेट लिए । सुबिसुका दमन चन्द 'म्यान अफ द म्याच' घोषित भए।

त्यस्तै, आईसिएफसी फाइनान्सले टेक्सपायरमाथि ९४ रनको जित पायो । आईसिएफसीले १० ओभरमा ३ विकेट गुमाई १ सय ४४ रन खडा गऱ्यो । सुभाष भण्डारीले ५०, सोमेश यादवले ३९ र सन्तोष साहले अविजित २२ रन बनाए । टेक्सपायरका सगुन वैद्यले १ विकेट लिए भने अन्य बलरहरूले महँगो स्पेल फाले । टेक्सपायर सुरुदेखि नै दबाबमा रह्यो । ८.५ ओभरमै ५० रनमा समेटियो । बसु नेपालले १६ रन बनाए पनि अन्य ब्याटर टिक्न सकेनन् ।

आईसिएफसीका सन्तोष साह र सोमेश यादवले समान २ विकेट लिए । सन्जोग गुरुङले १ र नितेश तिवारीले १-१ विकेट लिए । सोमेश 'म्यान अफ द म्याच' घोषित भए ।

# नदी किनारका अनधिकृत संरचना हटाउँदा मानवीय संवेदना ख्याल गरिनेछ : सुनिता डंगोल



काठमाडौं । काठमाडौं महानगरपालिकाकी कार्यवाहक मेयर सुनिता डंगोलले नदी किनार र सार्वजनिक जग्गामा रहेका अनधिकृत संरचना हटाउँदा मानव अधिकार र मानवीय संवेदनाको पूर्ण ख्याल गरिने स्पष्ट पारेकी छन्।

शुक्रबार राति सामाजिक सञ्जालमार्फत महानगरपालिकाको आधिकारिक धारणा सार्वजनिक गर्दै उनले अभियानका क्रममा जेष्ठ नागरिक, बिरामी, बालबालिका, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूको विशेष ख्याल राखिने प्रतिबद्धता जनाएकी हुन्।

गत वैशाख ११ गते काठमाडौं महानगरपालिकाका नगर कार्यपालिका सदस्यहरूबीच भएको छलफल र त्यसको मार्गनिर्देशनका आधारमा कार्यवाहक मेयर डंगोलले यो धारणा सार्वजनिक गरेकी हुन् ।

पछिल्लो समय नेपाल सरकारका सम्बद्ध मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले काठमाडौं महानगरभित्रका नदी किनार तथा अन्य सार्वजनिक, पर्ति, ऐलानी र सरकारी जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउने निर्णय गरेका छन्। उक्त कार्यमा महानगरलाई सहयोगको अनुरोध आएबमोजिम महानगरले सहयोगी भूमिका निर्वाह गर्न लागेको उनले जानकारी दिएकी छन्।

'अनधिकृत संरचना हटाउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्दा सम्मानजनक मानवीय व्यवहार गर्ने, जेष्ठ नागरिक, बिरामी, गर्भवती महिला, बालबालिका, अपांगता भएका मानिसहरूको विशेष ख्याल राखिनेछ,' डंगोलले भनेकी छन्, 'सकेसम्म विवादरहित तथा सुरक्षित तवरले व्यवस्थापन गर्ने र कानुन र न्याय प्रतिकूल नहुने गरी गर्न काठमाडौं महानगरपालिकाको अधिकतम प्रयास र सहयोग रहनेछ।'

सुकुम्वासी बस्ती र अनधिकृत संरचना हटाउने क्रममा त्रास सिर्जना हुने र झडपका घटनाहरू हुने गरेका छन्। यसै सन्दर्भमा कार्यवाहक मेयर डंगोलले कानुन र न्यायको प्रतिकूल नहुने गरी सुरक्षित र सम्मानजनक व्यवस्थापनमा जोड दिएकी हुन्।

उनले सार्वजनिक र निजी जग्गा संरक्षणको यस कार्यलाई सफल र विवादरहित बनाउन आवश्यक सहयोग तथा समन्वयका लागि सरोकारवाला सम्पूर्ण निकाय, पदाधिकारी र सर्वसाधारणलाई हार्दिक अपिल समेत गरेकी छन् ।

# स्थानीय तहले उत्पादनमूलक क्षेत्रमा पनि काम थालेका छन् : सापकोटा



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टीका नेता माधव सापकोटाले स्थानीय तहले अनुत्पादक क्षेत्रमा मात्रै लगानी नगर्ने बताउँदै उत्पादनमूलक क्षेत्रमा पनि काम थालेको बताएका छन् ।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले जुगल क्षेत्रमा नयाँ पर्यटकीय गन्तव्यको रूपमा 'जुगल माउण्ट एभरेस्ट भ्यू प्वाइन्ट' पहिचान गरेर जुगल गाउँपालिकाले त्यसलाई प्रमाणित गरेको बताए ।

स्थानीय तहका बजेट प्रायः अनुत्पादक क्षेत्रमा खर्च भइरहेको आलोचना भइरहँदा जुगल गाउँपालिकाले पर्यटन पूर्वाधारमा लगानी गरेर सकारात्मक सन्देश दिएको उनको भनाइ छ । पर्यटकीय क्षेत्रको पहिचानसँगै त्यस क्षेत्रको पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्नेमा जोड दिँदै उनले बलेफीदेखि तेम्बाथानसम्मको सडक स्तरोन्नती सन्तोषजनक नभएको गुनासो गरे ।

सापकोटाले जुगल हिमालसम्म सहज पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता पनि औंल्याए ।

'हाम्रा स्थानीय तहका बजेटहरू अनुत्पादक मुलक क्षेत्रहरूमा लगानी भए भनेर टिप्पणी भइराखेको सन्दर्भमा जुगल गाउँपालिकाले महत्त्वपूर्ण क्षेत्रमा लगानी गरेको छ यसको समेत म मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु । पर्यटन क्षेत्रमा, पर्यटन उद्योगमा लामो व्यावसायिक अनुभव र अभ्यास गर्नुभएका विशिष्ट महानुभावहरूका यहाँ अनुभवहरू आए, सुझावहरू आए, हामी सबैले सुनेका छौं,' उनले भने, 'मूलतः हामी राजनीतिक व्यक्तिहरूले यहाँ प्रतिवद्धता व्यक्त गर्नुपर्ने कुरा के छ भने बलेफीसम्म अरनिको लोकमार्ग नै छ । बलेफीदेखि बलेफी, ढाँडे, कात्तिके हुँदै तेम्बाथान सम्मको सडक छ, सहायक राष्ट्रिय राजमार्ग, लामो समयदेखि त्यो भनेजस्तो चित्तबुझ्दो ढङ्गले काम भएको छैन ।'

मानव बस्तीभन्दा माथिल्लो क्षेत्रमा प्राकृतिक स्रोत संरक्षणलाई प्राथमिकता दिनुपर्ने सापकोटाको भनाइ थियो । बस्तीसम्म मात्र सडक विस्तार गरेर त्यसपछि पदमार्ग विकास गर्नुपर्ने बताउँदै उनले जुगल ट्रेकमा ३६ करोड रुपैयाँ बराबरको लगानीमा पूर्वाधार बनिसकेको जानकारी दिए ।

'हामीले भनेको मानव बस्ती भन्दा तलतिर मात्रै जलविद्युत परियोजनाहरू हुँदाखेरी प्रभावकारी हुन्छ। तर अब अहिले त मानव बस्ती भन्दा माथि पनि गएर जलविद्युत परियोजनाहरूले विस्फोटनका विस्फोट गर्ने, अरु वन फँडानी गर्ने लगायतका विवादहरू पनि अहिले आएका छन्,' उनले भने ।

# वर्षाले कमला पुलको अस्थायी बाँधमा क्षति, समस्याको दीर्घकालीन समाधान खोज्दै प्रशासन

सिरहा । सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमला नदी पुल नजिकको अस्थायी बाँध भत्किँदा आवतजावत प्रभावित भएको छ । पुलको डाइभर्सनदेखि करिब ३०० मिटर अगाडि माटोको अस्थायी बाँध बाढीले बगाएपछि आवतजावत प्रभावित भएको हो ।

स्थानीय रामचन्द्र यादवका अनुसार, बाँध भत्किएपछि सयौं सवार ।साधन बीचमै फसेका थिए । तिनलाई स्थानीयको सहयोगमा उद्धार गरिएको थियो ।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले वर्षा र बाढीका कारण पुल नजिकको अस्थायी संरचना क्षतिग्रस्त भएको बताए । उनले तत्कालै निर्माण व्यवसायीले डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको जानकारी दिए ।

पुनः बाँध भत्किने सम्भावना रहेकाले समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको उनले बताए । 'दीर्घकालीन समाधानको उपाय खोज्न सिरहाका तीन वटै क्षेत्रका प्रतिनिधिसभा सदस्य लगायतसँग जिल्ला प्रशासन कार्यालयमा बैठक बसेको छ ।

बैठकबाट निकास निस्किएपछि मात्र केही भन्न सकिन्छ,' उनले भने । बैठकमा सिरहा क्षेत्र नम्बर १ का बब्लु गुप्ता, सिरहा-२ का शिव कुमार यादव, सिरहा-३ का डा. शम्भु कुमार यादव सहभागी थिए ।

करिब १४ वर्षअघि ठेक्का सम्झौता भएको कमला नदी पुल निर्माण अझै सम्पन्न हुन नसक्दा स्थानीयवासीले सास्ती खेप्दै आएका छन् ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने यो पुल निर्माणका लागि २०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । २०७१ मंसिरमा सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि पूरा हुन नसक्दा सात पटक म्याद थप भइसकेको छ ।

निर्माणको क्रममै रहेका बेला २०७८ असार १७ मा आएको बाढीले पुलका दुईवटा जग भासिएर चार वटा स्ल्याबमा क्षति पुगेको थियो । तीमध्ये सिराहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ ।

# सरकारले जनताको मन दुखाए कांग्रेसले कडा प्रतिवाद गर्छ : आङ्देम्बे



काठमाडौं । नेपाली कांग्रेसका नवनिर्वाचित संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले जनताको मन दुखाउने काम गर्ने कडा रुपमा प्रतिवाद गर्ने चेतावनी दिएका छन् । सोमबार कांग्रेस संसदीय दलको नेतामा सर्वसम्मत रुपमा चयन भएलगत्तै उनले सञ्चारकर्मीहरूसँग कुरा गर्दै सरकारले राम्रो काम गरे समर्थन र नराम्रो काम गरे प्रतिवादमा उत्रने चेतावनी दिए ।

लोकतन्त्रमा संसद प्रतिपक्षको हुने उल्लेख गर्दै त्यसमा जिम्मेवार दलको हैसियतमा कांग्रेस प्रस्तुत हुने समेत उनको भनाइ थियो ।

'हामीले सरकारको राम्रो कामको समर्थन र जनताले मन दुखाउने खालको काम राज्यबाट भयो वा देखियो भने हामी त्यसको सशक्त रुपमा प्रतिवाद गर्दछौं । विशेष गरेर हामीले अपनाएको प्रणाली विशेष गरेर लोकतन्त्रमा संसद प्रतिपक्षको हुन्छ,' आङ्देम्बेले भनेका छन् ।

# आराबाट चेन–ससम्म : परम्पराबाट प्रविधितर्फको फड्को



तेह्रथुम । पहाडी गाउँमा बिहानदेखि साँझसम्म कुनै समय काठ चिरानको परम्परागत आवाजले गुन्जिन्थ्यो । दुई जनाले तानेर चलाउने आरा, पसिना र धैर्यले भरिएको श्रम, अनि दिनौं लाग्ने मिहिनेत ।

त्यो समय अहिले विस्तारै इतिहास बन्दै गएको छ । आधुनिक प्रविधिको पहुँच गाउँसम्म पुगेसँगै तेह्रथुमका ग्रामीण बस्तीहरूमा काठ काट्ने शैलीमै ठूलो परिवर्तन देखिन थालेको छ । परम्परागत ‘आरा धरान’बाट आधुनिक चेन-स (स्वचालित आरा मेसिन) मेसिनसम्मको यात्रा यहाँका लागि साँचिकै एक फड्को साबित भएको छ ।

केही वर्षअघिसम्म फर्निचर उद्योगमा मात्र सीमित रहेको चेन-स मेसिन अहिले गाउँगाउँमा सहज रूपमा देखिन थालेको छ । छिटो, सजिलो र कम श्रममा काम सम्पन्न गर्न सकिने भएकाले काठ व्यवसायी मात्र होइन, सर्वसाधारणले समेत यसको प्रयोग गर्न थालेका छन्। पहिले एउटा रूख काट्न घण्टौं समय लाग्थ्यो, तर अहिले त्यही काम १५ सेकेन्डदेखि २ मिनेटभित्रै सम्पन्न हुन थालेको छ ।

छथर गाउँपालिका-२ का काठ व्यवसायी लालबहादुर लिम्बूका अनुसार, ‘पहिले रूख काट्न मात्रै घण्टौं लाग्थ्यो, आरा धरान बनाउन तीन-चार दिन खर्चिनु पर्थ्यो । धेरै जनशक्ति पनि चाहिन्थ्यो । अहिले चेन-सले सबै काम सहज बनाइदिएको छ ।’ उनको अनुभवले परम्परागत विधिबाट आधुनिक प्रविधितर्फको परिवर्तन कति तीव्र र प्रभावकारी भएको छ भन्ने स्पष्ट पार्छ । पहिले काठ चिरान गर्न दुई जना कामदारले करिब एक महिना समय लगाउनु पर्ने अवस्था थियो । तर, त्यतिनै काम एउटै व्यक्तिले तीनदेखि चार दिनमै सम्पन्न गर्न सक्ने अवस्था आएको छ । छथर-२ कै पुष्प लिम्बू भन्छन, ‘आरा धरान बनाएर काठ चिरान गर्न निकै गाह्रो र समय खपत हुने काम थियो, अहिले मेसिनले त्यो सबै झन्झट हटाइदिएको छ ।’

चेन-स मेसिन विभिन्न प्रकारका ऊर्जा स्रोतबाट सञ्चालन गर्न सकिन्छ-डिजेल, पेट्रोल, तर तेह्रथुमका ग्रामीण क्षेत्रमा प्रायः पेट्रोलबाट चल्ने मेसिन नै बढी प्रयोगमा छन् । एउटा लिटर पेट्रोलबाट ७ देखि १० थानसम्म १२ फिटका सरा तथा तक्ति तयार गर्न सकिने भएकाले यो प्रविधि लागतको हिसाबले पनि उपयोगी मानिएको छ ।

यस प्रविधिले केवल कामको गति बढाएको मात्र होइन, श्रम र स्रोतको बचत पनि गराएको छ । परम्परागत आरा धरान बनाउन ५ देखि ७ वटा रूख आवश्यक पर्ने र धेरै जनशक्ति जुटाउनुपर्ने अवस्था अहिले हटेको छ । गाउँको जुनसुकै कुनामा रहेका साना वा ठूला रूख काट्न अब सहज भएको छ । जसले ग्रामीण जीवनलाई थप सरल बनाएको छ ।

चेन-स मेसिनको मूल्य ५५ हजारदेखि १ लाख १० हजार रुपैयाँसम्म पर्ने गर्दछ । प्रारम्भिक लगानी केही महँगो भए पनि यसको उपयोगिता र आम्दानीको सम्भावनाले गर्दा यो लगानी आकर्षक बन्दै गएको छ । दक्ष कामदारहरूले मासिक ५ हजारदेखि २ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन्, जसले ग्रामीण क्षेत्रमा रोजगारीका नयाँ ढोका खोलिदिएको छ । यसरी, परम्परागत सीप र श्रममा आधारित काठ कटान प्रणाली अहिले प्रविधिमैत्री बन्दै गएको छ । ‘आरा धरान’ बाट ‘चेन-स’सम्मको यो रूपान्तरण केवल उपकरणको परिवर्तन नभई ग्रामीण जीवनशैली, श्रम संस्कार र आर्थिक सम्भावनाको नयाँ अध्याय बनेको छ ।

# पूर्वभीआईपीहरूले विदेशमा उपचार गर्दा पाउने सुविधासम्बन्धी व्यवस्था सर्वोच्चद्वारा खारेज




काठमाडौं । सर्वोच्च अदालतले राज्यका पूर्व विशिष्ट व्यक्ति (भीआईपी)हरूले विदेशमा उपचार गराउँदा राज्यकोषबाट रकम भराउन पाउने कानूनी व्यवस्था खारेज गरेको छ ।

सोमबार बसेको संवैधानिक इजलासले संविधान र ऐनसँग बाझिएको कार्यविधिमा भएको व्यवस्था खारेज हुने निर्णय गरेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए । सर्वोच्च अदालतले आदेशको संक्षिप्त विवरण सार्वजनिक गरेको छैन ।

राज्यका पूर्व पदाधिकारीहरूले स्वदेशमा उपचार गर्न मिल्ने अवस्था हुदाहुदै पनि विदेशमा गएर उपचार गर्ने र मन्त्रिपरिषद्को निर्णयबाट उनीहरूको उपचारखर्च व्यहोर्ने अभ्यास हुँदै आएको थियो । २०७५ सालमा जनस्वास्थ्य ऐन जारी गरेर त्यस्तो क्रियाकलापमा रोक लगाइएको भएपनि अर्को कार्यविधिमा भएको व्यवस्था अनुसार विशिष्ट पदाधिकारीहरूले विदेशमा उपचार गराउँथे ।

सर्वोच्च अदालतले कार्यविधि नै खारेज गरेपछि विदेशमा गरिएको उपचारखर्च राज्यकोषबाट व्यहोर्नँ अब गैरकानूनी हुनेछ ।

सर्वोच्च अदालतले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३ को दफा १२(१) खारेज गरेको हो । उक्त दफामा पूर्व विशिष्ट व्यक्तिहरूले विदेशमा गराएको उपचारको खर्च सरकारले व्यहोर्ने व्यवस्था थियो ।

ती पूर्व विशिष्ट व्यक्तिको परिभाषामा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्व सांसद र पूर्व संवैधानिक पदाधिकारी समेत पर्छे ।

अधिवक्ता राधिका चम्लागाई लगायतले संविधान र केही कानूनी व्यवस्थासँग बाझिएको भन्दै एउटा कानून र अर्को कार्यविधि खारेजीको माग गरेकी थिइन् ।

उनले ‘राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ९ खारेज हुनुपर्ने माग गरेकी थिइन् । उक्त दफामा ‘राष्ट्रपति वा उपराष्ट्रपति स्वदेशमा अस्पतालमा भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने छ’ भन्ने व्यवस्था थियो ।

सर्वोच्च अदालतले त्यो व्यवस्था यथावत राखेर कार्यविधिमा भएको व्यवस्था मात्रै खारेज गरेको हो । त्यसैले कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, अनि न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको इजलासले आंशिक रिट जारी हुने आदेश गरेको, सर्वोच्च अदालतका प्रवक्ता कोइरालाले जानकारी दिए ।

अधिवक्ता राधिका चम्लागाई लगायतले पेश गरेको रिट निवेदनमा संविधानका दुईवटा धारा र एउटा ऐनको व्यवस्थासँग अर्को ऐन बाझिएको भन्दै विशिष्ट व्यक्तिहरूले विदेशमा उपचार गराउन पाउने कार्यविधि खारेजीको माग राखेका थिए ।

उनीहरूका अनुसार, नेपालको संविधानको धारा १८(१)मा सबै नागरिक कानूनको दृष्टिले समान हुनेछन् भन्ने व्यवस्था छ । अनि धारा ३५(३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने अर्को व्यवस्था छ ।

### अर्थतन्त्र सुधारका...

सम्भव छैन, ठूला संरचनात्मक सुधार अर्थात ‘सर्जरी’ आवश्यक छ । नेपालको मुख्य समस्या व्यावसायिक वातावरण कमजोर हुनु हो । लगानी सुरक्षित हुन्छ भन्ने विश्वास सिर्जना गर्न नसक्दा निजी क्षेत्र निरुत्साहित भएको उजले बताए । सरकारले लगानीमैत्री वातावरण बनाउन सकेन भने ब्याजदर घटाएर मात्रै कर्जा प्रवाह नबढ्ने उनको भनाइ छ ।

खतिवडाकाअनुसार नेपाल अहिले “लिक्विडिटी ट्र्याप” जस्तो अवस्थातर्फ पुगेको छ । जहाँ ब्याजदर ऐतिहासिक रूपमा न्यून भए पनि कर्जा प्रवाह बढ्न सकेको छैन । विगतमा १८-२२ प्रतिशत ब्याजदर हुँदा पनि कर्जा विस्तार २० प्रतिशतसम्म पुगेको उदाहरण छ, तर अहिले करिब ६ प्रतिशत ब्याजदर हुँदा पनि कर्जा माग नबढ्नु अस्वाभाविक स्थिति रहेको उनको भनाइ छ ।

पूर्वगभर्नर समेत रहेका खतिवडाले भने, ‘अहिले अर्थतन्त्र यसो सरसर्ती हेर्दा वाह्य क्षेत्र राम्रो छ, मूल्य ठीक छ । आर्थिक वृद्धि पनि दुई-तीन प्रतिशतको बीचमा छ । चार साढे-चार भएको भए ठिकै हुन्थ्यो । तीनको वरिपरि हुन्छ आदि इत्यादि भनिरहेका छौं । क्रेडिटको पनि पहिले एकदमै क्रेडिट ओभरह्याड थियो, स्पिल ओभर थियो, अब अहिले ठिकै भएको छ, यी सबै भनौंला हामी । तर हामीले अर्थतन्त्र हेल्दी रूपले मोटाएको हो कि सुनिएको हो, यो चाहिँ बुझ्नुपर्छ ।’

### अन्तर्राष्ट्रिय परिस्थिति ...

प्रतिशतभन्दा बढी मानिस गरिब थिए, तर आज परिस्थिति फेरिएको छ । अहिले १७.४ प्रतिशत मात्र गरिबीको रेखामुनि छन् भने ८३ प्रतिशत जनसंख्या मध्यम वर्गमा उक्लिएको छ । हामी केवल किताब र यान्त्रिक कुराबाट समाधान खोज्ने कि वास्तविक जीवनबाट ? जीवन मुख्य कुरा हो, किताब होइन,’ उनले भने ।

जनताको बहुदलीय जनवाद (जबज) को सान्दर्भिकता चर्चा गर्दै पाण्डेले मदन भण्डारीले जहिले पनि शास्त्रभन्दा जीवन्त यथार्थलाई महत्त्व दिएको स्मरण गरे । पार्टीहरूले हिजोको भूमिगतकालीन मानसिकता र नियन्त्रणमुखी शैली नत्यागे नयाँ पुस्ता राजनीतिमा नआउने उनको चेतावनी छ ।

‘मदन भण्डारीले विश्वभर कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेका बेला जीवन्त तथ्यहरूबाट निष्कर्ष निकालेर नेपाली क्रान्तिलाई नयाँ उचाइ दिनुभएको थियो,’ उनले भने ।

नेता पाण्डेले अबको राष्ट्रियता ‘आर्थिक राष्ट्रियता’ हुनुपर्ने बताए ।

### राष्ट्रपति पौडेलबाट...

साहित्य उद्यानको पूर्ण निर्माणका लागि करिब एक अर्ब बजेट खर्च हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा संघीय सहरी विकास मन्त्रालयबाट २० करोड रुपैयाँ बजेट विनियोजन भइसकेको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिए ।

उक्त बजेटबाट शिखर कटेरीदेखि रम्घा डाँडासम्मको मोटरमार्ग स्तरोन्नति गरी कालोपत्रे सडक निर्माण गरिनेछ भने ५४ फिट उचाइको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गरिने उनले जानकारी दिए ।

हालसम्म गुरुयोजना कार्यान्वयनका लागि करिब ४०० रोपनी जग्गा प्राप्त भइसकेको छ ।

भानु साहित्यिक उद्यानका पछिल्लो दुई आर्थिक वर्षमा गरी एक करोड ८० लाख ४१ हजार ५०० रुपैयाँ खर्च भएको जनाइएको छ ।

### ३० हजार घुस..

वाग्राहीसँग घुस/रिसवत मागेर हैरानी दिएको सूचनाका आधारमा पक्राउ गरेको जनाएको छ । उनले पक्राउ पर्दा ३० हजार घुस रकम लिइसकेको पनि आयोगले जनाएको थियो ।

# अन्योलपछि ‘भूमिगत तार परियोजना’ ले गति लिँदै

काठमाडौं । काठमाडौं उपत्यकाको विद्युतीय प्रणाली सुरक्षित र सुन्दर बनाउने उद्देश्यसाथ सुरु गरिएको ‘भूमिगत तार परियोजना’ ले लामो समयको अन्योलपछि गति लिन थालेको छ ।

तीन वर्षदेखि अन्तरनिकाय समन्वय अभावमा सुस्त बनेको यो आयोजनाले वर्तमान ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको सक्रियतासँगै गति लिएको हो ।

काठमाडौं उपत्यकामा मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाका लागि ३ वैशाख २०७४ मा उच्चस्तरीय समन्वय समिति गठन गरिएको थियो । ७ पुस २०७९ मा समितिको छैटौं बैठक बसेको थियो । त्यसयता समितिको बैठक बस्न सकेको थिएन ।

विद्युतीय तार भूमिगत गराउने कार्य अन्तिम चरणमा पुगेको छ । तर, केबुल तथा इन्टरनेटका तारसमेत भूमिगत गराउन समस्या देखिएको छ । यस्तो समस्या समाधान गर्दै केबुल, इन्टरनेट तथा सीसीटीभीका तारसमेत भूमिगत गराउने गरी सरकारले काम अघि बढाएको हो ।

उर्जामन्त्री श्रेष्ठको निर्देशनमा ३ वैशाख २०८३ मा समितिको बैठक बसेको थियो । उक्त बैठकबाट नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशकको संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरिएको छ । उपसमितिलाई नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्न लागेको भूमिगत विद्युतीय संरचनामा राखिएको अप्टिकल फाइबर/केबुल डक्टलाई सञ्चार प्रयोजनमा प्रयोग गर्न ग्याप एनालाइसिस गरी वैकल्पिक उपाय सहित सुझाव पेस गर्ने कार्यादेश थियो ।त्यस्तै भूमिगत तार अप्टिकल/केबुल डक्ट प्रयोगका लागि उपयुक्त भाडा/शुल्क निर्धारण गरी सिफारिस गर्ने, सञ्चार केबुल व्यवस्थापन सम्बन्धी ठोस कार्ययोजना सिफारिस गर्नेसमेत उपसमितिको कार्यादेश छ ।

यसैगरी सडक विस्तार, खानेपानी, सञ्चार तथा विद्युतीय पूर्वाधार निर्माण क्रममा हुने क्षतिको क्षतिपूर्ति व्यवस्थापन सम्बन्धी आवश्यक सिफारिस गर्ने, त्यसका लागि विद्यमान ऐन/कानुनमा गरिनुपर्ने सुधारका विषय सिफारिस गर्ने रहेका छन् । त्यसका लागि उपसमितिलाई १५ दिनको समय तोकिएको छ ।

ऊर्जा मन्त्रालयका सचिवालयका योजना विभाग प्रमुख गोमेससिंह उप्रेतीका अनुसार मन्त्री श्रेष्ठले कार्यभार सम्हालेकै दिनदेखि यस आयोजनालाई प्राथमिकतामा राखेका थिए ।

# नेपाली परम्परा बोकेको 'कालिगंगा' कौराह गीत सार्वजनिक

काठमाडौं । नेपाली मौलिक कला, संस्कृति र परम्परालाई समेट्दै नयाँ कौराह गीत 'कालिगंगा'को भिडियो सार्वजनिक गरिएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमबीच उक्त भिडियो सार्वजनिक गरिएको हो ।

वरिष्ठ पत्रकार सानु श्रेष्ठको प्रमुख आतिथ्यता तथा गीतकार माधव भण्डारीको विशेष उपस्थितिमा सम्पन्न कार्यक्रममा गीतसंगीत क्षेत्रका विभिन्न विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता थियो । कार्यक्रममा बोल्दै वक्ताहरूले नेपाली मौलिकता, स्थानीय जीवनशैली र सांस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्द्धनमा यस्ता सिर्जनाहरूले महत्त्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरेका




थिए ।

सर्जकहरूका अनुसार 'कालिगंगा' गीतले नेपाली माटोको सुगन्ध बोकेको छ भने ग्रामीण परिवेश, जनजीवन र परम्परागत संस्कृतिलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । गीतका शब्द तथा संगीत बिजेन्द्र नौबागेले तयार पार्नुभएको हो । यस गीतमा रूपक डोटेल र विमला सुनारको स्वर रहेको छ । गीतको भिडियोमा बिजेन्द्र नौबागे, अश्मिता रणपाल, राजकुमार नौबागे, विनोद कार्की, पदम क्षेत्री, माइली सुनारलगायत कलाकारको अभिनय देख्न सकिन्छ । साथै बालकलाकार शोहन सुनार र शलोन सुनारको समेत आकर्षक प्रस्तुति छ । भिडियोका छायांकन केशव अधिकारीले गर्नुभएको हो भने निर्देशन दिपेश केसीले गर्नुभएको छ ।

कार्यक्रमको अवसरमा भिडियोमा आबद्ध कलाकार तथा प्राविधिकहरूलाई सम्मानस्वरूप मायाको चिनो प्रदान गरिएको थियो । 'कालिगंगा' गीतको भिडियो गायिका विमला सुनारको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ

## समाजले नस्वीकारेको प्रेम

# नबराज गौतमको हृदयविदारक कथा गीतमा

काठमाडौं । नबराज गौतमको जीवनमा परेको दर्दनाक बज्रपात– मायाको कथा जसले सबैको मन जित्ने बिश्वास गरिएको छ । गहिरो प्रेममा बाँधिएका दुई मुटु, जो एकअर्काबिना बाँच्नै नसक्ने अवस्थामा पुगेका थिए। तर समाज र परिवारको अस्वीकारले त्यो पवित्र सम्बन्धलाई स्वीकार्न सकेन। परिस्थितिले यस्तो मोड लियो कि नबराज गौतमकी प्रेमीकाले आफ्नो प्रेमलाई जीवनभर जिउन नपाउने निश्चित भएपछि एकाएक आफ्नो जीवन अन्त्य गरिन्।

यो दर्दनाक खबर सुन्नासाथ नबराज गौतम पूर्ण रूपमा विचलित बने। आफ्नो पीडालाई शब्द र सङ्गीतमार्फत व्यक्त गर्दै उनले हृदयविदारक गीतमार्फत आफ्नो भावना संसारसामु ल्याएका छन्।

यस मार्मिक गीतमा स्वर दिएका छन् लोकप्रिय गायक मोतिराज खनाल र चर्चित गायिका शान्तिश्री परियारले। गीतका शब्द स्वयं नबराज गौतमले लेखेका हुन् भने सङ्गीत पनि मोतिराज खनालकै रहेको छ। सङ्गीत संयोजन एरेन्ज महेन्द्र भण्डारीले गरेका छन्।मारुनी रेकर्डिङ स्टुडियोमा तयार गरिएको यस गीतको रेकर्डिङ सुमन रानाले गरेका हुन् भने मिक्सिङ कुमार रानाले सम्हालेका छन्। गीतको भिडियो पक्ष पनि उत्तिकै सशक्त छ। नबराज गौतम र सरिता




ढुंगाना सहित भगवान भण्डारी, चन्दा बिडारी, कमला भुजेल, गीता खनाल, सागर गिरी, सरिता लामा गुरुङ, कृष्टीना शाह, साइबृना थिङ, बिक्रम थापा र लक्ष्मण खड्काको दमदार अभिनयले कथालाई अझ जीवन्त बनाएको छ।

भिडियो निर्देशन चर्चित निर्देशक देबेन्द्र कुवरले गरेका छन् भने छायांकनको जिम्मेवारी दिपक गिरीले सम्हालेका छन्। विशेष कुरा के भने, यो म्युजिक भिडियो मोतिराज खनाल अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो, जसले दर्शकमाझ झनै व्यापक पहुँच बनाएको छ।

यो गीत केवल मनोरञ्जन मात्र होइन–यो प्रेम, पीडा र समाजको कठोर यथार्थको कथा हो, जसले दर्शकको मनमा गहिरो छाप छोड्ने निश्चित छ।

# रेखाले 'काउकुती' बनाउने



अभिनेत्री रेखा थापाले ८औं फिल्मको रूपमा 'काउकुती' निर्माण गर्ने भएकी छन् । उनले मंगलबार सामाजिक सञ्जालमा एक पोस्ट गर्दै फिल्म निर्माणको औपचारिक घोषणा गरेकी हुन् । फिल्मको घोषणाअघि उनले सोमबार साँझ भारतको उत्तराखण्डस्थित कैंची धाम (हिन्दू सन्त नीम करोली बाबाका कारण परिचित मन्दिर)मा विशेष पूजाआजा गरेकी थिइन् ।

हास्य कथावस्तुमा बन्न लागेको यस फिल्मलाई चर्चित टेलिभिजन शो 'कमेडी दरबार'की निर्देशक तथा प्रोजेक्ट हेड श्रद्धा प्रसाईंले निर्देशन गर्नेछिन् । 'प्रेमगीत २' र 'दर्पण छायाँ २'की अभिनेत्री समेत रहेकी उनले यसअघि फिल्म 'ककाकिकी'को निर्देशन गरेकी थिइन्, जसमा रेखाको मुख्य भूमिका रहेको थियो । यस फिल्ममा श्रद्धाको काम गर्ने शैलीबाट रेखा प्रभावित भएकी थिइन् । नवराज श्रेष्ठ र बलराम शाही ठकुरी (रेखाका श्रीमान्) निर्माता रहेको यस फिल्ममा रेखा स्वयंको मुख्य भूमिका रहने जनाइएको छ । यसमा उनको जोडी नव-अभिनेतासँग बाँधिनेछ ।

ती अभिनेताको नाम र तस्वीर केही दिनमा सार्वजनिक गर्ने तयारीमा निर्माण टिम रहेको छ । फिल्ममा विक्की अग्रवाल र विनेश राईको कथा छ भने पटकथा विनेश स्वयंले तयार पारेका छन् ।

आगामी असोजमा छायांकनको तयारी गरिएको यस फिल्ममा प्रशान्त सिवाकोटीको संगीत रहनेछ । प्रशान्त तिनै सर्जक हुन्, जसले तयार पारेका 'न्याउली वनैमा', 'काँधेकुरी' जस्ता गीत चर्चित छन् । फिल्मको एउटा गीत चर्चित र्‍यापर लिल झोला (आकाश क्षेत्री)ले गाउने जनाइएको छ । उनले यही फिल्मबाट पार्श्व गायनमा डेब्यू गर्न लागेका हुन् ।

# भोला रिजालका छोराले बनाए 'गौंथली', साउन १ मा प्रदर्शन हुने

'गौंथली'लाई नेपालको 'कल्ट क्लासिक' फिल्ममध्ये एक मानिन्छ । दुई दशकअघि डा. भोला रिजालले निर्माण गरेको यो फिल्मले त्यसबेला ठूलो व्यावसायिक सफलता हासिल गरेको थियो । वसन्त श्रेष्ठको निर्देशनमा बनेको यो नेपालको पहिलो गीति फिल्म समेत हो । अब सोही नाममा डा. रिजालका छोरा तथा निर्देशक डा. कपिल रिजालले नयाँ फिल्म बनाएका छन् ।

करिब ३-४ महिनाअघि नै छायांकन पूरा भइसकेको यो फिल्मको मंगलबार एक पोस्टर सार्वजनिक गर्दै आगामी साउन १ गतेलाई प्रदर्शन मिति तय गरिएको छ । यस फिल्ममा अरुण क्षेत्री र सिम्रन खड्काको जोडीलाई पर्दामा देख्न पाइनेछ । उनीहरूसहित फिल्ममा मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रविन्द्र झा, सीतादेवी तिमल्सिना लगायतको पनि अभिनय रहेको छ ।

डा. भोला रिजालको कथा रहेको यस फिल्मको पटकथा तथा संवाद कपिल रिजाल, निश्चल कुँवर, गिरिराज घिमिरे र नीरज नेपालले संयुक्त रूपमा तयार पारेका हुन् । भोला रिजाल प्रोडक्सन र सुमन



गिरी प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको फिल्मका निर्मातामा सुमन गिरी र डा. कपिल रिजाल रहेका छन् भने सरला रिजाल कार्यकारी निर्माताको रूपमा छिन् ।

इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माता रहेको फिल्ममा शम्भुजीत बाँस्कोटा, थानेश्वर गौतम र प्रशान्त सिवाकोटीको संगीत, हरि हुमागाईंको छायांकन, मिलन श्रेष्ठको सम्पादन, मुकेश शाहको ध्वनि मिश्रण, राजेन्द्र मोक्तानको रङ संयोजन, रामजी लामिछाने र मौसम हिमालीको कोरियोग्राफी तथा एलिस कार्कीको पार्श्व संगीत छ ।

# दशैंमा आउने भनिएको 'झिँगेदाउ २' अब असोज २ मा

यस वर्षको दशैंको फूलपातीमा प्रदर्शन गर्ने लक्ष्यसहित निर्माण गरिएको फिल्म 'झिँगेदाउ २' अब असोज २ गतेबाट प्रदर्शनमा आउने भएको छ । असोज ३ गते पर्ने संविधान दिवसलाई लक्षित गर्दै निर्माताले फिल्मको प्रदर्शन मिति तय गरेका हुन् । मंगलबार नयाँ मितिसहित निर्माता कम्पनी कपनगढी सिनेमाले फर्स्टलुक पोस्टर पनि सार्वजनिक गरेको छ ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकारहरू केकी अधिकारी, महेश त्रिपाठी, आँचल शर्मा, कुशल विष्ट र हिउँवाला गौतम देखिएका छन् । उनीहरूको अनुहारमा चरम निराशा र पीडा झल्किएको छ । महेशको हातमा देखिएको हिउँवालाको तस्वीरले उनी आमाको खोजीमा निस्किएको संकेत गर्छ । अघिल्लो भागमा हिउँवाला आश्रम गएसँगै फिल्म सकिएको थियो ।

ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको यस फिल्ममा सरोज खनाल, आर्यन सिग्देल, बसुन्धरा भुषाल, चैत्यदेवी सिंह, अभयराज बराल, आशा भुषाल, विजय देउजा, आशिष पुरुष लगायतका




कलाकारहरूको पनि अभिनय रहेको छ । फिल्मको कथा निर्देशक देउजा स्वयंको हो भने पटकथा परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेले तयार पारेका हुन् । कपनगढी सिनेमा र फिल्म ऋ नेपालको ब्यानरमा निर्माण भएको फिल्ममा विष्णु घिमिरे 'कल्पित'को छायांकन, मित्र डी. गुरुङको सम्पादन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी तथा अर्जुन पोखरेलको संगीत रहेको छ । फिल्ममा सुलभ प्रतीक र समीक्षा देउजा निर्मातामा छन् । यस फिल्मले अंशको विवादले छिन्नभिन्न भएको परिवारको कथा पेस गरेको छ ।

# कलाकार गोप्य राख्दै 'अक्षरा' घोषणा

हास्य सिरियल 'सर्खारको सर'का निर्देशक विनयराज पौडेलले अब फिल्म निर्देशनमा डेब्यू गर्ने भएका छन् । उनको निर्देशनमा बन्न लागेको फिल्मको नाम 'अक्षरा' राखिएको छ । मंगलबार निर्माण पक्षले कथावस्तु र त्यसको सेटिङबारे जानकारी दिने थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरेको हो ।

एआई जेनेरेटेड पोस्टरमा एक महिला झोला बोकेर बिहानीको समयमा कतै हिँड्दै गरेको देख्न सकिन्छ । पृष्ठभूमिमा भने पहाड, खोला र झुप्रा घरहरू देखिन्छन् । यसले ग्रामीण परिवेशमा फिल्म आधारित हुने संकेत गर्छ । पोस्टरमा महिला मात्र चित्रित हुनुले भने फिल्म नारीप्रधान रहेको बुझ्न सकिन्छ । यद्यपि,




निर्माण पक्षले कथावस्तुबारे जानकारी दिएको छैन ।

राजन दुलाल प्रस्तुतकर्ता रहेको यो फिल्मको छायांकन वैशाख २७ गतेबाट सुरु हुने जनाइएको छ । तर, फिल्ममा अभिनय गर्ने कलाकारहरूको नाम भने अहिलेसम्म गोप्य राखिएको छ । उग्रसेन ढुंगाना र सुरज थापा निर्माता रहेको फिल्मको कथा उग्रसेन स्वयंको हो भने पटकथा अभिमन्यु निरवीले तयार पारेका छन् ।

# दयाहाङ र सौगातको 'मितज्यू' ६ देशमा बिक्री




अभिनेता द्वय दयाहाङ राई र सौगात मल्लको मुख्य भूमिका रहेको फिल्म 'मितज्यू' आगामी जेठ ८ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यसका टिजर र 'गैराघरे काइँली' गीतलाई दर्शकले रुचाएसँगै विदेशमा फिल्मको माग बढ्न थालेको छ । मंगलबार मात्र निर्माताले ६ देशमा फिल्मको प्रदर्शन अधिकार बिक्री गरेका छन् ।

जीएम मुभिज प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मको हङकङ, जापान, साउथ कोरिया, माल्टा, सिंगापुर र पोल्याण्डमा प्रदर्शन अधिकार बिक्री भएको निर्माता जनक घर्ती मगरले जानकारी दिए । उनले प्रदर्शन अधिकारको बिक्री रकम भने खुलाएका छैनन् । उनका अनुसार अन्य देशहरूमा पनि फिल्मको प्रदर्शनका लागि छलफल भइरहेको छ ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ र सौगातसहित पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, खड्गबहादुर पुन (खबपु) लगायतका कलाकारहरूको अभिनय रहेको छ । यही फिल्मबाट चर्चित डान्सर तेरिया फौजा मगरले अभिनेत्रीको रूपमा डेब्यू गरेकी छन् ।

मितेरी साइनो (मित लगाउने परम्परा)को कथामा आधारित यस फिल्ममा महेश राईको लेखन, शिशिर बिशंखेको छायांकन, लोकेश बज्राचार्यको सम्पादन, शैलेश श्रेष्ठको पार्श्व संगीत, मुकेश शाहको साउन्ड तथा श्रीकृष्ण बम मल्लको संगीत रहेको छ । गीतको चर्चा र कलाकारको बलियो 'लाइनअप'का कारण फिल्मले बक्स अफिसमा सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३९,
२०८३ साल वैशाख १५ गते मंगलबार
28 APRIL 2026, TUESDAY

# एमजीको विद्युतीय पिकअप नेपालमा सार्वजनिक गरिंद



काठमाडौं। एमजीको विद्युतीय पिकअप गाडी नेपाली बजारमा बिक्री गरिने भएको छ।

नेपालका लागि एमजी मोटरको आधिकारिक बिक्रेता प्यारामाउन्ट मोटर्सले आफ्नो प्रिमियम इभी पोर्टफोलियोलाई थप मजबुत बनाउन पूर्ण इलेक्ट्रिक पिकअप एमजी यू१९ इभी सार्वजनिक गर्ने तयारी गरेको छ।

अत्याधुनिक प्रविधि र विलासी फिचरले भरिपूर्ण गाडी लक्जरी र फ्ल्यागसिप भेरियन्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार गाडीमा जडान गरिएको डुअल मोटर (फ्रन्ट १२५ किलोवाट र रियर २०० किलोवाट)ले कुल ३२५ किलोवाटसम्मको पावर र ७०० एनएम टर्क प्रदान गर्छ।

५.८ सेकेन्डमा शून्यदेखि १०० किलोमिटर प्रति घण्टाको गति समात्न सक्ने पिकअपमा रहेको एयर सस्पेन्सन र विभिन्न ड्राइभिङ मोडले कठिन भू-बनोटमा पनि आरामदायी यात्रा सुनिश्चित गर्ने कम्पनीले जनाएको छ।

गाडीमा १०२.२ किलोवाट क्षमताको ब्याट्री जडान गरिएको छ जसले एक पटकको फुलचार्जमा ४३० किलोमिटरसम्मको रेन्ज प्रदान गर्छ। फास्ट चार्जिङ प्रविधिमार्फत यसलाई मात्र ४२ मिनेटमा २० देखि ८० प्रतिशतसम्म चार्ज गर्न सकिने कम्पनीले जनाएको छ। गाडीको भित्री बनावट अत्यन्तै विलासी छ। यसमा १२.३ इन्चको इन्फोटेन्मेन्ट स्क्रिन, ८ वटा स्पिकरयुक्त जेबीएल अडियो सिस्टम र ६४ कलरको एम्बियन्ट लाइटिङ छ।

फ्ल्यागसिप भेरियन्टमा चालकको सिटका लागि ८-वे इलेक्ट्रोनिक एडजस्टमेन्ट, भेन्टिलेसन, मसाज र मेमोरी फङ्सन जस्ता प्रिमियम सुविधा उपलब्ध छन्। कम्पनीका अनुसार सुरक्षाका लागि गाडीमा ३६० डिग्री एचडी क्यामेरा, एडाप्टिभ क्रुज कन्ट्रोल, अटोनोमस इमर्जेन्सी ब्रेकिङ, र लेनकिप असिस्ट जस्ता एडभान्स्ड ड्राइभर असिस्ट सिस्टम फिचर समावेश छन्।

# बतास एमएडब्लु कमर्सियल भेहिकल्सले मनायो तेस्रो वार्षिकोत्सव




काठमाडौं- बतास अर्गनाइजेसन र एमएडब्लु इन्टरप्राइजेजबीचको संयुक्त साझेदारी बतास एमएडब्लु कमर्सियल भेहिकल्सले तेस्रो वार्षिकोत्सवका अवसरमा नेपालभर विभिन्न कर्पोरेट सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गरेको छ।

कम्पनीले ३ वर्षको सहकार्य र स्थिर वृद्धिलाई चित्रित गर्दै समुदायलाई योगदान गर्ने र सामाजिक कल्याणमा सहयोग पुऱ्याउने लक्ष्यलाई प्राथमिकता दिएको जनाएको छ।

सो अवसरमा कम्पनीले रक्तदान कार्यक्रम आयोजना गरेको छ। जसमा कर्मचारी र स्वयंसेवकहरूले सहभागिता जनाएका थिए। उक्त कार्यक्रममार्फत ५१ युनिट रगत संकलन गरिएको छ।

साथै, कम्पनीले निःशुल्क स्वास्थ्य शिविर पनि संचालन गरेको थियो। शिविरबाट ८७ जनाले लाभ लिएका छन्।

व्यक्तिगत स्वास्थ्यबारे सचेतना बढाउने र कर्मचारी तथा स्थानीय समुदायलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित उक्त शिविरहरूको आयोजना गरिएको थियो।

कम्पनीले देशभर रहेका आफ्ना १४ शाखामार्फत वृक्षारोपण गरेको छ। यस पहलमार्फत दिगोपनको महत्त्व उजागर गर्दै भविष्यका पुस्ताका लागि स्वच्छ र स्वस्थ वातावरण निर्माणमा योगदान गर्ने सन्देश दिएको छ।

ज्येष्ठ नागरिकहरूलाई सहयोग गर्ने उद्देश्यले कम्पनीले मातातीर्थ वृद्धाश्रममा खाद्यान्न वितरण गरेको छ। सो क्रममा कम्पनीको टोलीले आश्रममा बस्दै आएका ज्येष्ठ नागरिकहरूसँगै भोजन गरेको थियो।

यसले सामुदायिक सम्बन्धको महत्त्वलाई झल्काउँदै आपसी सद्भाव विस्तार गर्न सहयोग गरेको कम्पनीको विश्वास छ। वृद्धाश्रममा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूलाई साथ, सहयोग र सहजता प्रदान गर्ने लक्ष्यसहित यो कार्यक्रम गरिएको कम्पनीले जनाएको छ ।

# यातायात क्षेत्र सुधारका लागि साना सवारी घटाएर ठूला बस चलाउन सुझाव



काठमाडौं- सरकारी कार्यदलले यातायात प्रणाली सुधारका लागि व्यापक नीतिगत, संरचनात्मक र प्रविधिमैत्री सुधार आवश्यक रहेको औंल्याएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको कार्यदलले अव्यवस्थित सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन संस्थागत पुनर्संरचना, निजी क्षेत्रसँग सहकार्य र प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने सुझाव दिएको हो।

२०८० मा गठित कार्यदलको सुझाव प्रतिवेदन मन्त्रालयले बल्ल सार्वजनिक गरेको छ। प्रतिवेदनमा अव्यवस्थित रुट, राजनीतिक हस्तक्षेप, कमजोर अनुगमन र प्रविधिको अभावलाई मुख्य समस्याका रुपमा औंल्याइएको छ। प्रतिवेदनमा सार्वजनिक यातायातको पुनर्संरचना अन्तर्गत साना सवारी (माइक्रो, टेम्पो) घटाउँदै ठूला बस बढाउन, रुट परमिट प्रणालीलाई पारदर्शी बनाउन र एकीकृत सार्वजनिक यातायात प्रणाली विकास गर्न जोड दिइएको छ।

संस्थागत सुधार अन्तर्गत यातायात व्यवस्थापनका लागि एकीकृत नियामक निकाय गठन, संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट जिम्मेवारी बाँडफाँड र यातायात कार्यालयको सेवा डिजिटल बनाउन सुझाव दिइएको छ।

स्मार्ट ट्राफिक व्यवस्थापन प्रणाली लागू गर्न, जीपीएस ट्र्याकिङ अनिवार्य बनाउन, लाइसेन्स प्रणालीलाई पूर्ण अटोमेसनमा लैजान र अनलाइन टिकटिङको व्यवस्था गर्न पनि सुझाव दिइएको छ।

सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमार्फत यातायातका ठूला परियोजना संचालन गर्न पनि जोड दिइएको छ। निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्न नीतिगत सहजता अपनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। सडक सुरक्षा र नियम कार्यान्वयनमा कडाइ गर्नुपर्ने यंल्याइएको छ। ट्राफिक नियम कार्यान्वयन, दुर्घटना न्यूनीकरणका लागि सडक पूर्वाधार सुधार र चालक प्रशिक्षण प्रणालीलाई व्यवस्थित बनाउन सुझाव दिइएको छ। इभी प्रवर्धनका साथै प्रदूषण नियन्त्रणका लागि कडा मापदण्ड ल्याउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

# चीनको अटो जायन्ट बीवाइडीले भन्यो– अमेरिकी बजारविनै पनि हामी सफल हुन सक्छौ



काठमाडौं- इरान युद्धका कारण इन्धनको मूल्य बढेपछि विश्वभर विद्युतीय सवारीको माग बढेको छ। यस अवसरलाई चिनियाँ गाडी उत्पादकहरूले राम्रोसँग उपयोग गरिरहेका छन्।

चीन विश्वकै सबैभन्दा ठूलो विद्युतीय सवारी उत्पादक देश हो। यद्यपि, अमेरिकाजस्तो ठूलो बजारमा उनीहरूको पहुँच सीमित छ।

विशेष गरी बीवाइडी यस परिवर्तनको केन्द्रमा देखिएको छ। बीवाइडीले गत वर्ष टेस्लालाई पछि पार्दै विश्वकै ठूलो विद्युतीय सवारी बिक्रेता बनेको थियो। अहिले यो कम्पनीले अन्तर्राष्ट्रिय बजारमा आक्रामक विस्तार गरिरहेको छ।

बेइजिङ अटो शोमा बीवाइडीकी कार्यकारी उपाध्यक्ष स्टेला लिले अमेरिकाको बजारविना पनि कम्पनी सफल रहेको बताइन्। उनले कम्पनीको मुख्य चुनौती अहिले अन्य देशहरूमा बढ्दो माग पूरा गर्नु रहेको स्पष्ट पारिन्। ब्राजिल, बेलायत र युरोपमा माग तीव्र रूपमा बढिरहेको उनको भनाइ छ।

उनका अनुसार इन्धनको मूल्य बढ्दा उपभोक्ताले दैनिक खर्चमा बचत खोज्छन्। विद्युतीय सवारीले यही बचत सम्भव बनाउँछ। उनले अहिले कम्पनीसँग मागअनुसार आपूर्ति गर्न पर्याप्त उत्पादन क्षमता नभएको पनि बताइन्।

बीवाइडीले 'फ्ल्यास चार्जिङ' प्रविधिमा ठूलो भरोसा गरेको छ। यस प्रविधिमार्फत केही मिनेटमै सयौं किलोमिटर यात्रा गर्न सक्ने गरी चार्ज गर्न सकिन्छ। यसले चार्जिङ समयप्रतिको चिन्ता हटाउने र नयाँ ग्राहक आकर्षित गर्ने विश्वास कम्पनीको छ।

यस वर्षको बेइजिङ अटो शो विश्वकै ठूलो अटो प्रदर्शनी बनेको छ। यहाँ १४०० भन्दा बढी सवारीहरू प्रदर्शनमा राखिएका छन्। चिनियाँ कम्पनीहरू यसमा प्रमुख रूपमा देखिए।

तर, अन्तर्राष्ट्रिय बजारमा चिनियाँ कम्पनीहरूले चुनौती पनि सामना गरिरहेका छन्। विशेष गरी अमेरिकामा शुल्क र कडा नियमहरू लागू गरिएका छन्। अमेरिकी पक्षले चिनियाँ सरकारी अनुदान र डेटा सुरक्षाबारे चिन्ता व्यक्त गर्दै आएको छ।

तर, बीवाइडीले अन्य बजारहरूमा आफ्नो पहिचान बलियो बनाउँदै लगेको छ। पहिले सस्तो मूल्यका कारण चिनिने चिनियाँ कम्पनीहरू अहिले प्रविधिमा प्रतिस्पर्धा गरिरहेका छन्। ब्याट्री, चार्जिङ प्रणाली र सफ्टवेयर क्षेत्रमा उनीहरू अगाडि आएका छन्।

बीवाइडी आफूलाई केवल गाडी कम्पनी मात्रै नभई एक 'इकोसिस्टम' भएको दाबी गर्छ। कम्पनीले स्मार्टफोनका कम्पोनेन्ट, ब्याट्री, सौर्य प्यानल, बस र ट्रक पनि उत्पादन गर्छ।

यसैबीच, एक्सपेङले नयाँ विद्युतीय एसयूभी सार्वजनिक गरेको छ। कम्पनीले मानवजस्तै रोबोट र २०२७ सम्म उड्ने कार उत्पादन गर्ने योजना पनि अघि सारेको छ।

विदेशी कम्पनीहरू जस्तै फोल्क्सवागन, टोयोटा र फोर्ड चीनमा प्रतिस्पर्धामा पछाडि परिरहेका छन्। केही कम्पनीहरूले स्थानीय कम्पनीसँग सहकार्य गरिरहेका छन्। बीएमडब्लूले क्याटलसँग सहकार्य गरेको छ भने आउडीले हुवावेको प्रविधि प्रयोग गरिरहेको छ।

चीनभित्रै पनि प्रतिस्पर्धा तीव्र छ। धेरै कम्पनीहरूबीच 'प्राइस वार' चलिरहेको छ। यसले बजारमा दबाब सिर्जना गरेको छ।

बीवाइडीको घरेलु बिक्री भने ७ महिनादेखि घटिरहेको छ। तर, युरोपमा भने सन् २०२६ को पहिलो ३ महिनामा १५६ प्रतिशतले वृद्धि भएको छ।

स्टेला लिका अनुसार यस्तो प्रतिस्पर्धाले भविष्यमा केही कम्पनी मात्र टिक्ने अवस्था ल्याउनेछ। इतिहासले पनि सबै कम्पनी लामो समय टिक्न नसक्ने देखाएको उनले उल्लेख गरिन्।

सार्वजनिक सेवा लिादा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार